# रूद्राक्ष खेतीले किसानहरूको आर्थिक र सामाजिक क्षेत्रमा पारेको प्रभाव; षडानन्द नगरपालिका, दिङ्ला, भोजपुरको एक अध्ययन

त्रिभुवन विश्वविद्यालय मानविकी तथा सामाजिक शास्त्र सङ्काय अन्तर्गत समाजशास्त्र विषयको स्नातकोत्तर तहको आंशिक आवश्यकता परिपूर्तिका लागि समाजशास्त्र विभाग केन्द्रीय क्याम्पसमा प्रस्तुत

## शोधपत्र


शोधकर्ता

सुबास न्यौपाने

परिक्षा रोल नं. २८२२६४

त्रि.वि. रजिष्ट्रेशन नं. ९-२-९-९३४-२००७


२०७३

त्रिभुवन विश्वविद्यालय

मानविकी तथा सामाजिकशास्त्र संकाय

**समाजशास्त्र केन्द्रीय विभाग**

कीर्तिपुर, काठमाडौं

## सिफारिस पत्र

त्रिभुवन विश्वविद्यालयबाट समाजशास्त्र विषयमा स्नातकोत्तर तहको आंशिक आवश्यकता पुर्तिका लागि मेरो निर्देशन र सुपरिवेक्षणमा श्री सुबास न्यौपानेले "**रूद्राक्ष खेतीले किसानहरूको आर्थिक र सामाजिक क्षेत्रमा पारेको प्रभाव**" का विषयमा यो शोधपत्र तयार पार्नुभएको हो । म उहाँको कार्यप्रति सन्तुष्ट छु र प्रस्तुत शोधपत्रलाई आवश्यक मूल्याङ्कनको लागि सिफारिस गर्दछु ।

मिति : २०७३/०४/१६

..............................

राम बहादुर के.सी.

समाजशास्त्र केन्द्रीय विभाग

कीर्तिपुर, काठमाडौं

त्रिभुवन विश्वविद्यालय

मानविकी तथा सामाजिकशास्त्र संकाय

**समाजशास्त्र केन्द्रीय विभाग**

कीर्तिपुर, काठमाडौं

## स्वीकृति पत्र

त्रिभुवन विश्वविद्यालय, विश्वविद्यालय क्याम्पस समाजशास्त्र संकाय अन्तर्गत सुबास न्यौपाने द्वारा "**रूद्राक्ष खेतीले किसानहरूको आर्थिक र सामाजिक क्षेत्रमा पारेको प्रभावका**" विषयमा यस शोधपत्र समाजशास्त्र विषयको स्नातकोत्तर उपाधिको लागि उचित ठहरिएकोले स्वीकृति प्रदान गरिएको छ ।

शोधपत्र मूल्याङ्कन समिति

राम बहादुर के. सी.

(शोध निर्देशक) .................................

सुदिप नकर्मी

(बाह्य निर्देशक) .................................

प्रा.डा. तुलसीराम पाण्डे

(विभागीय प्रमुख) .................................

मिति : २०७३/०४/२८

# कृतज्ञता ज्ञापन

त्रिभुवन विश्वविद्यालय, मानविकी तथा सामाजिक शास्त्र सङ्काय अन्तर्गत समाजशास्त्र विषयको स्नातकोत्तर तह दोस्रो बर्षको आंशिक आवश्यकता पूर्तिका लागि प्रस्तुत **रूद्राक्ष खेतीले किसानहरूको आर्थिक र सामाजिक क्षेत्रमा पारेको प्रभाव ( षडानन्द नगरपालिका, दिङ्ला,भोजपुर**) शीर्षकको शोधपत्रले अध्ययन गरीएको रूद्राक्ष खेतीको वर्तमान अवस्था, यसको आर्थिक प्रभाव र सामाजिक क्षेत्रमा पारेको प्रभाव पत्ता लगाउन उपयोगी हुने कुरामा विश्वास लिएको छ ।

प्रस्तुत गरिएको शोधपत्र श्रद्धेय निर्देशक समाजशास्त्र विभागका प्राध्यापक श्री राम बहादुर के. सि.सरको निर्देशनमा तयार पारीएको छ । यो शोधपत्र लेखनका लागि आफ्नो व्यस्तताको बाबजुद सद्भावनापूर्ण तरिकाले सहयोग तथा मार्ग दर्शन गरिदिनुभएकोमा वहाँप्रति हार्दिक कृतज्ञता ज्ञापन गर्दछु । शोधपत्र तयार गर्ने क्रममा आवश्यक सुझाव र प्रोत्साहन दिनुहुने समाजशास्त्र विभागका विभाागिय प्रमुख प्रा. डा. तुलसीराम पाण्डे साथै सम्पूर्ण शिक्षकहरू र कर्मचारीहरू प्रति पनि हार्दिक कृतज्ञता ज्ञापन गर्दछु ।

लेखन कार्यलाई सरल र सहज बनाउन आवश्यक तथ्याङ्क उपलव्ध गराउन महत्वपूर्ण सहयोग र सुझाव प्रदान गर्नुहुने मेरा काका बरिष्ठ रूद्राक्ष व्यपारी श्री निलमणि न्यौपाने, मेरा दाजु मा.वि. शिक्षक श्री सञ्जिव न्यौपाने, भोजपुर जिल्ला विकास कार्यलय, षडानन्द नगरपालिका को कार्यलय, नमुना छनोटमा पर्नुभएका अध्ययन क्षेत्रका सम्पूर्ण सदस्यहरू, रूद्राक्ष व्यपारीहरू, अध्ययन क्षेत्रका शिक्षकहरू साथै बन कृषि कार्यलयका प्रतिनिधिहरूप्रति म सदाका लागि ऋणी रहेको छु । साथै मेरो शैक्षिक यात्राको दौरानमा विभिन्न कठिन परिस्थितिमा पनि अनुकुल पारिवारीक वातावरण सृजना गरी उच्च शिक्षा हासिल गर्न उत्प्रेरणा दिनुहुने मेरा  आदरणिय मेरा हजुरबुवा छविलाल न्यौपाने, हजुरआमा कृष्ण कुमारी न्यौपाने, बुबा हेमराज न्यौपाने र मुमा खेम कुमारी न्यौपाने प्रति हार्दिक कृतज्ञता ज्ञापन गर्न चाहन्छु । मेरो शैक्षिक सफलताको कामना गर्दै सहयोग गर्नुहुने सबै क्षेत्र र तहका छरछिमेकी, दाजुभाई,

दिदिबहिनीहरूलाई धन्यवाद दिन चाहन्छु । अन्त्यमा मेरो कार्यप्रति श्रद्धा राख्नुहुने सम्पूर्ण मित्रजन, सहपाठी शुभ चिन्तकहरूलाई हार्दिक धन्यवाद दिँदै अत्यन्तै व्यस्तताका बावजुद पनि शोधपत्र टङ्कण कार्यमा सहयोग गर्नु हुने युनिभर्सल फोटो कपी एण्ड कम्प्युटर सेन्टर कीर्तिपुरका सुभाष खत्रीप्रति आभार व्यक्त गर्न चाहन्छु र आफ्नो अटुट परिश्रमबाट तयार पारिएको यो शोधपत्र सम्वन्धित सरोकारवालाहरूको लागि उपयोगी हुने छ भन्ने विश्वास लिएको छु ।

.......................

मिति : २०७३ /४/२८ सुबास न्यौपाने

# सारसंक्षेप

हाम्रो देशको प्रमुख अर्थतन्त्रको स्रोतका रूपमा कृषि रहेको र देशको राजनिति, संस्कृती अर्थात सामाजिक क्षेत्रलाई प्रभाव पार्ने प्रमुख तत्व अर्थनै रहेको कुरामा दुबिधा छैन । समाजको रहनसहन, चालचलन, शिक्षाको गुणस्तर आदि सामाजिक क्रियाकलापलाई त्यस क्षेत्रको आर्थिका क्रियाकलापले प्रत्यक्ष प्रभाव पारी सम्पूर्ण देशकै विकासमा यसको प्रभाव देखिने हुनाले यस विषयको समाज शास्त्रिय अध्ययन गरिएको छ ।

हाम्रो देश कृषि प्रधान देश भएकोले अधिकांस जनताहरू कृषिमा आश्रित रहेका छन् । यस अध्ययन क्षेत्रका अधिकांस जनताहरूको मुख्य पेशा कृषिनै भएकोले कृषि वाली अन्तर्गत खाद्यान्न वाली भन्दा नगदे वाली अर्थात रूद्राक्ष खेतीबाट किसानहरूले बढि आम्दानी गरेका छन् । त्यस कारण रूद्राक्ष खेतीका बारेमा यथार्तता पत्ता लगाउन यो अध्ययन गरीएको हो । यसै सन्दर्भमा हावा पानी र भौगोलिक विभिधताले गर्दा नेपालका विभिन्न भुभागहरूमा रूद्राक्ष खेतीका लागि उपयुक्त वातावरण भएता पनि दिङ्ला क्षेत्र मा यसको व्यापकता र उद्गम स्थल पनि भएकोले यस क्षेत्रलाई अध्ययन क्षेत्र बनाइएको हो । दिङ्ला जस्तै राज्यले खोजि गरी विभिन्न क्षेत्रमा रूद्राक्ष खेतीलाई विस्तार र विकास गर्न सके ग्रामिण वेरोजगारी कम भई आर्थिक स्थितिमा सुधार आउने साथै सामाजिक परीवर्तनमा प्रत्यक्ष असर पार्ने थियो ।

रूद्राक्ष खेतीले स्थानीय किसानहरूको आर्थिक र सामाजिक क्षेत्रमा पारेको प्रभाव : को एक समाजशास्त्रिय अध्ययन षडानन्द नगरपालिका, दिङ्ला, भोजपुर शिर्षकमा यो अध्ययन सम्पन्न गरीएको छ । यस अध्ययनको प्रमुख उद्देश्यहरूमा रूद्राक्ष खेतीले स्थानीय किसानहरूको आर्थिक क्षेत्रमा पारेको प्रभाव पत्ता लगाउनु, सामाजिक क्षेत्रमा पारेको प्रभाव पत्ता लगाउनु र रूद्राक्ष खेतीमा देखिएका समस्याहरू र समाधानका सम्भावित उपायहरू पत्ता लगाउनु रहेको थियो । यस अध्ययनका भोजपुर जिल्ला षडानन्द नगरपालिका अन्तर्गत पर्ने १० वटा वडाहरू मध्ये वडा नं. २, ३ र ४ लाई उद्देश्यमुलक नमुना छनोट विधिका आधारमा छनोट गरी अनुसन्धान गरिएको थियो । वडा नं. २, ३ र ४ का सम्पूर्ण ७१७ घरपरिवारका २७१५ जनसङ्ख्याहरू समग्रताका

रूपमा लिइएको थियो भने अध्ययनको इकाई ४०२ घरधुरीबाट नमुनाका रूपमा जम्मा १०० घरधुरी रूद्राक्ष खेतीमा संलग्न किसानहरूलाई छनोट गरिएको थियो जुन २४.८ प्रतिशत हुन आउछ । त्यस्तै यस अध्ययन मा अध्ययन विधिका साधनका रूपमा अन्तर्वार्ता, लक्षित समूह छलफल र मुख्य जानकार व्यक्तिहरूसँगको अन्तर्वार्ता रहेको थियो भने तथ्याङ्क विश्लेषण तथा प्रस्तुतीकरण सरल र स्पष्ट भाषामा गुणात्मक र मात्रात्मक दुवै विश्लेशण बिधिको प्रयोग गरीएको छ ।

रूद्राक्ष खेती र अन्न वाली बाट एक मुष्ट बचत गर्ने घरपरिवार सङ्ख्यामा १६ प्रतिशतले ५० हजार सम्म बचत गरेको, ३४ प्रतिशतले १ लाख सम्म बचत गर्ने गरेको त्यस्तै ३० प्रतिशतले २ लाख सम्म र २० प्रतिशत घरपरिवारले २ लाख भन्दा बढि बचत गर्ने गरेको देखिन्छ । यसरि तुलना गरेर हेर्दा सवै भन्दा ठुलो समूहले वार्षिक १ लाख बचत गरेको छ । उनिहरूको ५ बर्ष अगाडीको अवस्था अर्थात रूद्राक्ष खेतीमा संलग्न नहुदा ७० प्रतिशत घरपरिवारलाई आफ्नो खेतीबाट बर्ष भरी खान नपुग्ने अवस्था थियो । जब स्थानीय किसानहरू रूद्राक्ष खेतीमा संलग्न हुदै गए निरन्तर रूपमा आर्थिक रूपमा सक्षम हुदै गएका छन् । २०७२ सालको अवस्था अनुसार रूद्राक्ष उत्पादन बाट स्थानीय किसानहरू मध्ये ३० प्रतिशतले वार्षिक रू १ लाख सम्म, ३५ प्रतिशतले रू २ लाख सम्म, २० प्रतिशतले रू ३ लाख सम्म र १५ प्रतिशत स्थानीय किसानहरूले वार्षिक रू ३ लाख भन्दा माथि आयआर्जन गरेका छन् । त्यस्तै रूद्राक्ष खेतीमा संलग्न स्थानीय किसानहरूले आफुले गरेको बचतबाट विभिन्न सरसामन तथा जग्गा जोडेका छन् जसले गर्दा सामाजिक परिवर्तन पनि भएको छ । जस्तै २५ प्रतिशत घरपरीवार गरगहना जोडेका, ३५ प्रतिशतले घरजग्गा खरिद, २५ प्रतिशतले घर बनाएका र १५ प्रतिशतले सवारी साधन जोडेका छन् । यसले स्थनिय किसानहरूको आर्थिक तथा सामाजिक क्षेत्रमा सकरात्मक प्रभाव पारेको छ । यसै सर्वेक्षणमा के पनि देखिएको छ भने त्यस अध्ययन क्षेत्रमा खाद्यन्न बालीमा मात्र निर्भर हुनेले वार्षिक औषत रूपमा १ रोपनीमा २,७०८.३३ रूपैँया बराबरको आम्दानी गर्न सक्छन् भने रूद्राक्ष खेती अर्थात नगदे बालीमा निर्भर हुनेले औषत रूपमा वार्षिक १

रोपनी जग्गामा १३,३३३.३३ रूपैँया बराबरको आम्दानी गर्छ । यसले पनि स्थानीय किसानहरू खाद्यन्न बाली भन्दा नगदे बाली तर्फ आकर्षित छन् ।

स्थानीय किसानहरूको आम्दानि बढ्दै गएपछि ५८ प्रतिशत किसानहरूको घरमा टि. भि. रहेको छ भने २७ प्रतिशत घरपरीवारमा कम्प्यूटरको पहुँच पुगिसकेको छ। रूद्राक्ष खेतीबाट आम्दानी बढे पछि आफ्ना बालबच्चाको पढाई प्रति पनि अविभावकहरू जिम्मेवार भएका छन् । उक्त अध्ययन क्षेत्रका ६७ प्रतिशत बालबालिकाहरू निजि विद्यालयमा अध्ययन गर्नु, निजि विद्यालयमा औषत विद्यार्थि भर्ना बढ्दै जानुले रूद्राक्ष खेतीबाट समाजको शैक्षिक क्षेत्रमा पनि सकरात्मक प्रभाव परेको छ ।

अध्ययन क्षेत्रका कृषकहरूले रूद्राक्ष खेती बाट आम्दनीबाट समाजका विभिन्न क्षेत्रमा जस्तै विद्यालय, यूवा क्लव, महिला सञ्जाल, बालक्लव र धार्मिक संस्थामा लगानी गरेका छन् । भवन निर्माण, छात्रवृत्ति, विभिन्न कार्यक्रमहरूमा लगानि गरेका छन् । यस्ता विभिन्न समाज विकासका क्षेत्रमा स्थानीय निकाय सँग साझेदारी रूपमा लगानी गरी सामाजिक क्षेत्रमा सकरात्मक प्रभाव परेको छ ।

# विषय सूची

## अध्याय : एक

## परिचय


१.१ अध्ययनको पृष्ठभूमि १

१.२ समस्याको कथन ४

१.३ अध्ययनको उद्देश्य ६

१.४ अध्ययनको महत्व ६


## अध्याय : दुई

## पूर्व साहित्यको समिक्षा


२.१ सैद्यान्तीक अवधारणा ८

२.१.१ कृषि क्षेत्रको विकास क्रम ९

२.१.२ नेपालमा कृषि व्यवसाय १०

२.२ सान्दर्भिक साहित्य ११


## अध्याय : तीन

## अनुसन्धान विधि


३.१ अध्ययन क्षेत्र छनोट १४

३.२ अनुसन्धान ढांचातथ्याङ्कको प्रकृति १४

३.३ तथ्याङ्कको प्रकृति १५

३.४ अध्ययनको समग्रता, इकाई र नमुना छनोट १५

३.५ तथ्याङ्क सङ्कलन साधनहरू १६

३.६ तथ्याङ्क बिश्लेषण तथा प्रश्तुतिकरण १८

३.७ अध्ययनको सीमा १८


## अध्याय : चार

## अध्ययन क्षेत्र र कृषकको आर्थिक अवस्था


४.१ भोजपुर जिल्लाको परिचय २०

४.२ षडानन्द नगरपालिकाको परिचय २३
४.३ रूद्राक्ष खेती गर्ने कृषकहरूको आर्थिक अवस्थाको विवरण २३
४.३.१ खाद्यन्नको पर्याप्तताको स्थिति २३
४.३.२ आयआर्जनको अवस्था २५
४.३.३ रूद्राक्ष खेतीमा संलग्न किसानहरूको बचत २६
४.३.४ सम्पत्ति २७
४.३.५ खाद्यन्न बाली र नगदे बालीको आम्दानी २९
४.३.५.१ खाद्यन्न बालीको वार्षिक आम्दानी २९
४.३.५.२ नगदे बालीबाट हुने वार्षिक आम्दानी ३०

**अध्याय : पाँच**

**रूद्राक्ष खेतीले सामाजिक, आर्थिक क्षेत्रमा पारेको प्रभाव र रूद्राक्ष खेतीमा देखिएका समस्याहरू**

५.१ रूद्राक्ष खेती गर्ने कृषकहरूको सामाजिक अवस्थाको विवरण ३३
५.१.१ स्थानीय कृषकहरूको जीवन शैलीमा पारेको प्रभाव ३३
५.१.१.१ प्रविधि, सूचना तथा सञ्चारका साधनहरूको विवरण ३३
५.१.१.२ रूद्राक्ष खेतीले शैक्षिक क्षेत्रमा पारेको प्रभाव ३५
५.१.१.३ यस क्षेत्रमा विद्यालयमा विद्यार्थिको भर्ना दर ३७
५.१.१.४ रूद्राक्ष खेतीमा संलग्न र असंलग्न कृषकहरूका बालबच्चाको अवस्था ३८
५.१.२ स्थानीय कृषकको सामाजिक क्षेत्रमा भएको लगानी ३८
५.१.२.१ स्थानीय कृषकको विभिन्न क्षेत्रमा भएको लगानी ३८
५.१.२.२ त्यस समाजका भौतिक पूर्वाधारहरूको अवस्था ४०
५.२ रूद्राक्ष खेतीमा देखिएका समस्या तथा समाधानका उपायहरू ४०
५.२.१ रूद्राक्ष खेती प्रणालीमा देखिएका मुख्य समस्याहरू ४०
५.२.२ रूद्राक्ष खेती प्रणालीमा देखिएका समस्याहरू समाधानका उपायहरू ४२
५.२.३ रूद्राक्ष व्यपारीका कुराहरू ४३

५.२.४ रूद्राक्ष खेती प्रति कृषि कार्यलयको धारणा ४४

अध्याय : छ

सारांश, निष्कर्ष र सुझावहरू

६.१ सारांश ४६

६.२ निष्कर्षहरू ४९

६.३ सुझावहरू ५०

६.३.१ नीतिगत सम्बन्धि सुझावहरू ५०

६.३.२ प्रयोगात्मक क्षेत्रसँग सम्वन्धित सुझावहरू ५१

६.३.३ आगामि अनुसन्धानसँग सम्बन्धित सुझावहरू ५१

सन्दर्भ सामग्री सूची

अनुसूची एक

अनुसूची दुई

अनुसूची तीन

## तालिका सूची


| | |
|---|---|
| तालिका नं. १ | नमुना छनोट घरपरीवार |
| तालिका नं. २ | जातजातिगत विवरण |
| तालिका नं. ३ | ५ बर्ष पहिलेको खाद्यन्नको पर्याप्तताको विवरण |
| तालिका नं. ४ | रूद्राक्ष खेतीमा संलग्न भएपछीको खाद्यन्नको अवस्था |
| तालिका नं. ५ | रूद्राक्ष खेतीबाट भएको आयआर्जन सम्वन्धि विवरण |
| तालिका नं. ६ | रूद्राक्ष खेती गर्ने किसानहरूको सम्पती विवरण |
| तालिका नं. ७ | प्रमुख खाद्यन्न बालिको वार्षिक उत्पादन |
| तालिका नं. ८ | प्रमुख खाद्यन्न बालिको बजार मूल्य |
| तालिका नं. ९ | प्रमुख खाद्यन्न बालिबाट प्राप्त हुन सक्ने आम्दानी |
| तालिका नं. १० | नगदेबालिको वार्षिक उत्पादन |
| तालिका नं. ११ | प्रमुख नगदेबालिको बजार मूल्य |
| तालिका नं. १२ | प्रमुख नगदेबालिबाट प्राप्त हुन सक्ने आम्दानी |
| तालिका नं. १३ | प्रविधि, सूचना तथा सञ्चारका साधनहरूको विवरण |
| तालिका नं. १४ | रूद्राक्ष खेतीले शिक्षा क्षेत्रमा पारेको प्रभाव |
| तालिका नं. १५ | स्थानीय किसानका बालवच्चाको अवस्था |
| तालिका नं. १६ | विद्यालयमा विद्यार्थिहरूको अवस्था |
| तालिका नं. १७ | स्थानीय किसानहरूको विभिन्न संघसस्थाहरूमा भएको आर्थिक योगदान |
| तालिका नं. १८ | विकासका पूर्वाधारहरूको अवस्था |
| तालिका नं. १९ | रूद्राक्ष खेतीमा देखिएका मूख्य समस्याहरू |
| तालिका नं. २० | रूद्राक्ष खेतीमा देखिएका समस्याहरूको समाधानका उपायहरू |

# अध्याय एक

# अध्ययनको परिचय

## १.१ अध्ययनको पृष्ठभूमी

नेपाल विश्वमा एक सानो भुपरिवेष्ठीत कृषि प्रधान विकासोन्मुख देश हो । नेपालको कुल क्षेत्रफल १,४७,१८१ वर्ग कि.मि. छ । यसको पूर्व पश्चिम लम्बाई ८८५ कि.मि. र उत्तर दक्षिण चौडाई औषत १९३ कि.मि. छ । नेपालमा समुन्द्री सतहबाट न्यूनतम ५९ मिटर देखि विश्वको सबैभन्दा अग्ला भू-भाग सगरमाथा सम्म रहेको छ । नेपाल सानो देश भएता पनि धरातलिय वनौट, जैविक र हावापानीको कृष्टिकोणले विविधतायुक्त छ । नेपाल कृषि प्रधान देश हो । जहाँ ७४% मानिसहरू कृषि पेशामा आश्रीत छन् जसले हाल देशको कुल ग्राहस्थ उत्पादन (GDP) मा ३२.३% योगदान पुऱ्याएको छ । त्यसैले कृषि क्षेत्र नेपालको अर्थव्यवस्थापनको मेरूदण्डको रूपमा रहेको छ । नेपाल भौगोलिक विविधतायुक्त देश भएकोले यहाँ ठाउँ अनुसार हिमाल, पहाड र तराईमा विभिन्न प्रकारका खेतीहरू गर्ने गरेको पाइन्छ । हिमाली प्रदेशले कुल भू-भागको १५% आगेटेको छ । जहाँ खेतीयोग्य जमिन ५.७% रहेको छ । पहाडी भूभागले कुल भूभागको ५८% ओगटेकोमा खेतीयोग्य जमिन ३२.५% रहेको छ भने तराई प्रदेशको कुल भूभागले १७% जमिन ओगटेकोमा खेतीयोग्य जमिन भने ६१.८ प्रतिशत ओगटेको छ । यसकारण ठाउँ अनुसारका अन्नबाली र नगदबोलीको खेती गर्ने गरिन्छ ।

विकासोन्मुख देश नेपाल जहाँ औद्योगिक विकास न्यून मात्रामा भइरहेको छ । अधिकांश मानिसहरू कृषि पेशामा संलग्न छन् । नेपालमा विभिन्न प्रकारको खेती गर्ने क्रममा मुख्य गरी खाद्यान्न र नगदे वाली गरी दुई प्रकारमा वर्गीकरण गरी व्याख्या गर्ने गरेको पाइन्छ । खाद्यान्न वाली अन्तर्गत धान, मकै, कोदो, गहुँ, फापर आदि पर्दछन् भने नगदेवाली अन्तर्गत चिया, कफी, अलैंची, रूद्राक्ष, अदुवा, जुट, सुर्ती, उखु, अम्रिसो आदि पर्दछन् । यसरी करिब ८४ प्रतिशत खाद्यान्न बालीले र १६ प्रतिशत जमिन नगदेवालीले ओगटेको छ (भट्टराई, २०६८) ।

नगदेवाली लगाउने क्रममा वर्तमान समयमा विशेषगरी पहाडी प्रदेशका केही जिल्लाहरूमा रूद्राक्ष खेती व्यापक रूपमा गरिँदै आएको पाइन्छ । रूद्राक्ष खेती एक प्रकारको नगदेवाली हो । नगदेवालीको रूपमा लोकप्रिय बन्दै गएको रूद्राक्ष खेती नेपालको पूर्वि पहाडी जिल्लाहरूमा प्रमुख व्यावसायिक खेतीको रूपमा खेती गर्दै आइरहेका छन् । नेपालमा सर्वप्रथम रूद्राक्ष खेतीको विकास क्रमलाई हेर्दा करिब आजभन्दा ११२ वर्ष पहिले भोजपुर जिल्लाकै षडानन्द नगरपालिका, दिँला भन्ने ठाउँमा त्यहाँका समाजसेवी श्री १०८ आवाल ब्रह्मचारी बालागुरू, षडानन्द अधिकारीले मानवहित गर्ने उद्देश्य राखेर विभिन्न ठाउँबाट १०९ प्रजातिका विरूवाहरू ल्याएर रोपेका थिए (षडानन्द समाज सेवा समिति, २०६५) । यी विरूवा हुर्कदै जाँदा रूद्राक्षका केही फलहरू विक्री हुने गरेको र आज आएर दिङ्ला क्षेत्र र पूर्वि नेपालका जिल्लाहरू भोजपुर, संखुवासभा, धनकुटा र तेह्रथुममा व्यवसायिक खेती गर्न थालेको पाइन्छ ।

रूद्राक्ष खेती समुन्द्री सतहबाट करिब ५०० मिटर देखि १६०० मिटरको उचाई सम्म खेती गर्न सकिएता पनि सबैभन्दा राम्रो हावापानी ७०० मिटर देखि १२०० मिटर सम्मलाई मानिएको छ । यसरी यसको खेती भोजपुर र संखुवासभा जिल्लामा व्यवसायिक रूपमा खेती गरिएता पनि हाल तेह्रथुम, ताप्लेजुङ्ग, इलाम, धनकुटा, तनहुँ, गोरखा, अछाम आदि जिल्लाहरूमा पनि खेती गरिदै आएको छ । नेपालमा रूद्राक्षको बारेमा ११ वर्ष अगाडिबाट केही नगन्य मात्रामा अनौपचारिक रूपमा व्यापार गर्ने गरेको भएतापनि विगत ५ वर्षयता यसलाई व्यवसायिक खेतीको रूपमा विकास गरी औपचारिक रूपमा व्यापार गर्न थालिएको छ । यसले अत्यन्तै छोटो समयमा धेरै लाभ प्राप्त गर्न सकिने हुँदा यो नेपालमा मात्र नभई विश्वमानै प्रख्यात हुन पुगेको छ (केदार चौलागाई, २०६८) ।

अन्य वोटमा फल्ने फल जस्तो यो पनि वोटमा फल्ने दानामा रहेका मुख (Furrows) अनुसार यसको मूल्य तथा महत्वमा फरक रहेको पाइन्छ । यसरी फल्ने रूद्राक्ष पहिले पहिले मानिसहरूलाई यसबारे थाहा नभएकाले त्यसै कुहिएर जाने गरेको र २०-३० वर्ष पहिले देखि यसको महत्व थाहा पाएपछि उक्त रूद्राक्षलाई नेपालको काठमाडौं जिल्लामा अवस्थित श्री पशुपति नाथ मन्दिर नजिकै एक ठाउँमा भोजपुर दिँलाका

व्यक्तिहरूले सङ्कलन गरी भारतिय भक्तजनहरूलाई केही रूपैयामा विक्री गर्ने गरेका थिए । अहिले रूद्राक्ष व्यापार मुख्य गरी भोजपुर, संखुवासभा पशुपतिनाथ आसपासमा हुने गरेको पाइन्छ (अधिकारी, २०७०) ।

सुरूको समयमा भारतमा मात्र निर्यात हुने रूद्राक्ष हाल भारत, चीन तथा अन्य देशहरूमा समेत निर्यात हुन्छ । विशेष गरी रूद्राक्षको धार्मिक आस्था तथा विभिन्न रोगहरूको निवारण समेत गर्ने भएकोले यसको महत्वलाई बुझी यसको विश्वमानै माग बढिरहेको छ । रूदाक्षको धारणले हाम्रो शरीरको रक्त संचार सन्तुलित हुनका साथै रगत शुद्ध बनाउने, रूक्त चाप कम गर्ने पत्थरी, हाड, जोर्नी, पेट दुखेको, कब्जीयत, दम, टि.वि., सुगर, क्यान्सर, ब्रैन ट्युमर आदि जस्ता रोगहरूको निवारण गर्ने गर्दछ । यसको साथै यसको धारण बाट विभिन्न ग्रह शान्ति हुने विश्वास हुनाले रूद्राक्षको मुख्दार (Faced Seeds) अनुसार महत्व र आस्था फरक फरक रहेको पाइन्छ । खास गरी एक मुखे दुर्लभ मानिन्छ । जुन सबैभन्दा बढी मूल्यवान छ भने पञ्चमुखे बढी पाइने र अरूको तुलनामा कम मूल्य रहेको पाइन्छ । रूद्राक्षको मूल्य रूदाक्ष दानाको आकार, रङ, चिल्लो, खस्रो आदि वा त्यसको गुणस्तरको आधारमा फरक फरक भएको पाइन्छ (रूद्राक्ष माला, २०७१) ।

नेपालमा आर्थिक वर्ष २०६८/०६९ मा २००० टन देखि ५,००० टन रूद्राक्ष भोजुपर र संखुवासभा जिल्लामा मात्र उत्पादन भएको र त्यो विदेश निर्यात भएको छ । जसबाट ४ अर्ब विदेशी मुद्रा भित्रीएको छ । त्यसैगरी आर्थिक वर्ष २०६९/०७० मा ५,००० टन देखि ७,००० टन उत्पादन भई ८ अर्ब विदेशी मुद्रा उक्त जिल्लाहरूमा भित्रिएको तथ्याङ्क छ । यसरी देशमा कुल उत्पादन र आम्दानीको रूद्राक्ष ९० प्रतिशत भोजुजर संखुवासभामा मात्र रहेको छ भने अन्य जिल्लाहरूमा १०% उत्पादन भएको पाइन्छ (रूद्राक्ष व्यवसायी संघ,२०७१ ) । यो सामान्यतया वैशाख महिनादेखि जेठ महिना भित्र फुल्ने र भदौ देखि मंसिर महिनासम्म टिप्ने गरेको पाइन्छ । यो कम मेहनत र कम लागनीबाट अधिकतम लाभ प्राप्त गर्ने सजिलो खेती मध्येको एक हो । यसलाई तत्कालै वा भण्डारण गरी लामो समयपछि विक्री पनि गर्न सकिने हुँदा यस खेती प्रति धेरै कृषकहरू आकर्षित भएका छन् (खोदवारी डट कम २०७१) ।

रूद्राक्षको बहुआयमिक प्रयोग र महत्व भएकोले यसको माग दिन प्रतिदिन बढ्दो क्रममा छ । भोजपुर जिल्ला पूर्वाञ्चल विकासक्षेत्रको कोशी अञ्चलमा अवस्थित एक पहाडी जिल्ला हो । यो जिल्ला प्राकृतिक सम्पदाको धनी र रमणीय जिल्लाको रूपमा चिनिन्छ । यस जिल्लामा उत्पादन हुने नगदेबालीहरूले स्थानीय किसानहरूको आर्थिक तथा सामाजिक जीवनमा प्रत्यक्ष प्रभाव पारेको छ । त्यहाँ उत्पादन हुने प्रमुख नगदेवालीहरूमा रूद्राक्ष, सुन्तला, खुर्सानी, अदुवा, अलैंची आदि हुन् । यी वालीहरू भोजपुर जिल्लाको प्रमुख आम्दानीका स्रोतहरू हुन् । यस जिल्लामा ५८ वटा गा.वि.स. र २ वटा नगरपालिका रहेका छन् । जसमध्ये एक नगरपालिका षडानन्द नगरपालिका हो । यस नगरपालिका भित्र १० वटा वडाहरू रहेका छन् । षडानन्द नगरपालिकाको अधिकांश क्षेत्रमा रूद्राक्ष खेती गर्ने गरेको पाइएता पनि षडानन्द नगरपालिकाको वडा नं. २, ३, र ४ लाई प्रमुख क्षेत्र मानिन्छ । यहाँका कृषकहरूले रूद्राक्ष खेतीबाट वर्षेनी राम्रो आर्थिक आम्दानी गर्ने गर्दछन् । उत्पादित रूद्राक्षहरू विदेश निर्यात गरी ठूलो मात्रामा विदेशी मुद्रा आर्जन गर्न सफल भएको र अन्य वाली जस्तो धेरै स्याहार गर्नु नपर्ने भएकोले किसानहरूको यस खेती प्रति झुकाव रहेको पाइन्छ (जिल्ला कृषि शाखा कार्यालय, भोजपुर, २०७२) ।

त्यस क्षेत्रमा भएको आर्थिक परिवर्तन र प्रभावका साथै यहाँ खेर गइरहेका बाजो जमिनमा रूद्राक्षका विरूवाहरू रोपी व्यवसायिक रूपमा रूद्राक्ष खेती गरी प्रशस्त आम्दानी गरी स्थानीय समाजको विकास तथा शैक्षिक क्षेत्रमा समेत स्वैच्छीक लगानी गर्ने गरेको पाइन्छ । त्यसैले यो अध्ययन रूद्राक्ष खेतीले षडानन्द नगरपालिकाको स्थानीय किसाहरूको आर्थिक क्षेत्रमा पारेको प्रभावको विश्लेषणमा केन्द्रित रहनेछ ।

## १.२ समस्याको कथन

अध्ययन क्षेत्रका किसानहरूको जिवन निर्वाहको प्रमुख आधार कृषिलाई मानिदै आएको छ । रूद्राक्ष खेती नेपालको प्रमुख नगदेवालीको रूपमा रहेपनि वर्तमान समयसम्म आइपुग्दा पनि यसको वैज्ञानिक व्यवसायिक खेतीको रूपमा विकशित हुन सकेको छैन । थोरै मेहनत, लगानीबाट ठूलो प्रतिफल लिन सक्ने हुँदा यो आर्थिक आम्दानीको

राम्रो स्रोत र आर्थिक विकासमा देशको अर्थतन्त्रमा योगदान पुऱ्याउन सक्ने सम्भावना बोकेको बाली हो । यसले संवद्ध किसानहरको आर्थिक विकास तथा शैक्षिक विकासमा महत्वपूर्ण योगदान पुऱ्याएको पाइन्छ । यसर्थ यस खेती वर्तमान समयमा कृषकको लागि लोकप्रिय र आकर्षक बनेपनि रूद्राक्ष खेतीको बारेमा सरकारको कुनै चासो नहुनु, यसको विकास तथा विस्तारका लागि स्पष्ट नियम नबनाउनु, वैज्ञानिक खेती प्रणाली र निर्यात प्रणालीमा भएको कठिनाई व्यवस्थापकिय कमजोरी, यसको मूल्य निर्धारण कठिनाई, उत्पादन र व्यापारी बिच मूल्यको ठूलो अन्तर हुनु, यसबाट प्राप्त आम्दानीलाई व्यवस्थित गर्ने ज्ञान कृषकमा नहुनु जस्ता विद्यमान चुनौतीहरू रहेका पाइन्छन् । यस्ता समस्याहरूलाई समाधान तर्फ राज्यले ध्यान नपुऱ्याएको कारणले गर्दा यसबाट किसान तथा राज्यले लिने फाइदाबाट वञ्चित हुनुपरिरहेको अवस्था छ (षडानन्द समाज सेवा समिति, २०७२) ।

यसरी यत्रो राज्यको आर्थिक स्तरमा समेत असर पार्ने नगदेवालीको उक्त षडानन्द नगरपालिकामा वार्षिक रूपमा के कस्तो आम्दानी, खर्च र वचत छ ? त्यो आम्दानीले त्यस समाजको सामाजिक रहन सहन, शिक्षा जस्ता क्षेत्रमा कस्तो असर पारेका छ ? जस्ता कुराहरूको खोजी गरी यसको खेतिमा के कस्ता समस्या छन् ? भनी यस खेती प्रणाली अथवा रूद्राक्ष खेतीले स्थानीय किसानहरूको आर्थिक क्षेत्रमा कस्तो असर पारेको छ भन्ने कुराको पहिचान यस अध्ययनमा गरिएको छ र यस शोधकार्य अध्ययनमा निम्न प्रश्नहरूको साथ शोधकार्य पुरा गरिएको छ ।

- त्यस क्षेत्रका कृषकहरूले रूद्राक्ष खेतीबाट वार्षिक के कति आम्दानी र वचत गर्ने गरेका छन् ?
- रूद्राक्ष खेतीबाट आएको आम्दानीले तिनीहरूको सामाजिक र आर्थिक क्षेत्रमा के कस्तो परिवर्तन आएको छ ?
- रूद्राक्ष खेती गर्दा कृषकहरूले के कस्ता समस्या भोलिरहेका छन् ?

## १.३ अध्ययनको उद्देश्य

यस अध्ययनको मुख्य उद्देश्य रूद्राक्ष खेतीमा संलग्न किसानहरूको सामाजिक आर्थिक क्षेत्रमा कस्तो प्रभाव परेको छ ? उक्त प्रभावले समाजको रहनसहन र शिक्षाको क्षेत्रमा कति प्रभाव परेको छ ? भन्ने नै रहेको थियो । यद्यपी कुनै पनि अध्ययन, अनुसन्धानको पछाडी कुनै न कुनै उद्देश्य निश्चित रूपमा रहेको हुन्छ । साधारण उद्देश्यको रूपमा कृषकको रूद्राक्ष खेतीप्रतिको झुकाव, समस्या र यसले सम्बद्ध परिवारको आर्थिक तथा सामाजिक क्षेत्रमा पारेको प्रभाव विश्लेषण गरी उचित निष्कर्ष र सुझावहरू दिने बारेमा अध्ययन गर्नु हो ।

यस अध्ययनका विशिष्ट उद्देश्यहरू निम्नानुसार रहेका छन् :

१. रूद्राक्ष खेतीमा संलग्न कृषकहरूको वार्षिक आम्दानी र वचतको अध्ययन गर्नु,
२. रूद्राक्ष खेतीबाट सामाजिक र आर्थिक क्षेत्रमा पारेको प्रभाव र सामाजिक क्षेत्रमा भएको लगानिको अध्ययन गर्नु,
३. रूद्राक्ष खेतीमा कृषकहरूले झेलिरहेका समस्याहरूको पहिचान गर्नु

## १.४ अध्ययनको महत्व :

समाजको हरेक पक्षको प्रकृति निर्माण, निर्धारण र हस्तान्तरण गर्नमा त्यहाँको आर्थिक पक्षको सबभन्दा ठूलो भूमिका रहन्छ । विश्वमा हेर्दा आर्थिक सम्पन्न मुलुकहरूको संस्कृति, रहनसहन, भेषभूषा शिक्षा, स्वास्थ्यको स्तर समान खालको र त्यस्तै आर्थिक विपन्न मुलुकहरूको स्तरमा पनि एक अर्कामा समान देखिनुले समाजको अध्ययन गर्नका लागि आर्थिक, पक्षको अध्ययन गरिनु अत्यावश्यक छ । विश्वका विभिन्न राष्ट्रहरू मध्ये नेपाल एक अल्पविकसित तथा भू-परिवेष्ठित कृषिप्रधान देश हो । यहाँको प्रतिव्यक्ति आम्दानी ७१६ डलर रहेको छ, जनसङ्ख्याको ९०% विपन्न वर्ग ग्रामीण क्षेत्रमा बसोबास गर्ने हुँदा उनीहरको जीवन शैली अर्थात जिवन स्तर माथि उठाउनका लागि कृषि क्षेत्रमा रहेको सम्भाव्यता र समस्याको पहिचान गरी विभिन्न क्षेत्र अनुसार अत्यधिक उत्पादन हुन सक्ने बालिको खोजी गरी त्यहाँको रहनसहन,

जिवनशैलीलाई अन्तर्राष्ट्रिय मापदण्डको गुणस्तरीय जीवनशैलीमा पुऱ्याउन आवश्यक छ (नेपाल सरकार आर्थिक सर्वेक्षण, २०६८) ।

यस अध्ययनले रूद्राक्ष खेतीमा संलग्न किसानहरूको आर्थिक क्षेत्रमा पारेको प्रभाव बारे जानकारी दिन आर्थिक सवल भएपछिको सामाजिक स्तरमा भएको शैक्षिक उपलब्धी पत्ता लगाउन र रूद्राक्षको उत्पादन साथै निर्यात गर्दा आइपरेका समस्याको पहिचान गरेर उक्त समस्याहरू समाधान गर्ने उपायहरू पत्ता लगाउने हुनाले यो अध्ययन महत्वपूर्ण छ । यसका अतिरिक्त यस अध्ययनले रूद्राक्ष खेतीको फाइदा, वेफाइदा, महत्वका साथै यसको स्थिति, व्यवहार आदिबारे बुझ्न सजिलो पर्ने हुँदा अन्य खेती गर्ने कृषकहरू पनि यो खेती प्रति आकर्षित भई यो खेतीको विस्तार भई उत्पादन र आयश्रोतमा वृद्धि गरी देशको अर्थतन्त्र मजबुदका साथै सम्पन्न समाजको निर्माण हुने हुनाले यसको महत्व छ । यस अध्ययनको महत्वलाई निम्न बुँदागत रूपमा प्रस्तुत गर्न सकिन्छ ।

१. रूद्राक्ष खेती गर्न चाहने कृषकहरूका लागि सम्बन्धित जानकारी दिन ।
२. यस अध्ययनबाट रूद्राक्ष खेतीमा संलग्न कृषकहरूको आर्थिक तथा सामाजिक अवस्थाको जानकारी प्राप्त गर्न सकिनेछ ।
३. रूद्राक्ष खेतीमा देखा परेका समस्या पहिचान गरी समस्या समाधानका सम्भावित उपायहरूको जानकारी हुनेछ ।
४. सम्बन्धित क्षेत्रमा अध्ययन गर्न चाहने निकायलाई सहयोग पुऱ्याउनेछ ।

# अध्याय-दुई

# पूर्व साहित्यको समीक्षा

यस अध्ययनमा अनुसन्धान शीर्षकसँग सम्बन्धित विभिन्न पाठ्यपुस्तक, अनुसन्धानका प्रतिवेदनहरू तथा अन्य अप्रकाशित अभिलेखहरूको पुनरावलोकन गरिएको छ । यसका साथै रूद्राक्ष खेतीको कृतिहरू र यसको प्रयोग, नेपालमा रूद्राक्ष खेतीको विकास सम्बन्धी स्वदेशी तथा विदेशी लेख रचनाहरू वा पुस्तकहरूको समीक्षा गरिएको छ ।

## २.१ सैद्धान्तिक अवधारणा

सुवेदी, (२०६५), साधारण बोलीचालीको भाषामा कृषि शब्दले खेतीपाती सम्बन्धी विषय मात्र बुझाउने जस्तो देखिए तापनि यो क्षेत्र त्यतिमामात्र सीमित छैन । कृषि शब्दले खेतीपाती र अन्नबालीका साथै सोसँग सम्बन्धित अन्य पेशा वा व्यवसायलाई समेत समेट्ने गर्छ ।

डा. हेमाङ्गराज अधिकारीलको प्रयोगात्मक नेपाली शब्दकोशमा कृषिको अर्थ 'खनजोत गरी बालीनाली लगाउने कार्य, खेतबारीको काम, खेती, किसान भनी उल्लेख गरिएको छ । नेपाल सरकारको राष्ट्रिय कृषि नीति २०६१ मा कृषि शब्दले बाली, बागवानी पशु, पन्छी, माछा आदि कृषिका सबै उपक्षेत्रसँग सम्बद्ध उत्पादन, उद्योग एवं व्यवसायहरू समेत जनाउँछ भनिएको छ । नेपाल सरकारको कृषि व्यवसाय प्रवद्धन नीति, २०६३ मा कृषि व्यवसाय भन्नाले बाली, बागवानी, पशुपंक्षी, माछा आदि कृषिका साथै उपक्षेत्रसँग सम्बद्ध व्यावसायिक उत्पादन, बेचबिखन र प्रशोधन सम्बन्धी कार्यहरूलाई जनाउँछ भनिएको छ ।

सुवेदी, (२०६५) समग्रमा भन्नुपर्दा कृषि शब्दले विभिन्न प्रकारका खाद्यान्न तथा नगदेबाली, कृषि उपजहरू, पशुपालन व्यवसाय, पक्षीपालन व्यवसाय, मत्स्यपालन व्यवसायदेखि वागवानी सम्मको उत्पादनलगायत सोसँगै सम्बन्धित उद्योगधन्दा, कलकारखानाबाट उत्पादित उपजहरू त्यसमा आश्रित जनसङ्ख्या एवं सोसँग सम्बद्ध पेशा व्यवसायसम्मको क्रियाकलापहरूको समष्टिगत रूपलाई जनाउँछ ।

गौतम, (२०६०) मानिसका आधारभूत आवश्यकताहरू (गास, बास, कपास, स्वास्थ्य शिक्षा र सुरक्षा) मध्ये पहिलो र महत्त्वपूर्ण आवश्यकता गास (खाद्यान्न) नै हो। खाद्यान्न भएपछि मात्र मानिस बाँच्न सक्छ र उसलाई अन्य आवश्यकताहरूको आवश्यकता पर्दछ र खोजीतर्फ लाग्दछ। मानव सभ्यताको विकास सँगसँगै मानिसहरूले खाद्यान्नको रूपमा कृषि तथा कृषिजन्य वस्तुहरूको प्रयोग गर्दै आएको पाइन्छ। पाषाण (ढुङ्गे) युगमा मानिसहरूले घुमन्ते जीवन बिताउँथे। जनावरहरूको शिकार गरेर फलफूल तथा कन्दमुलहरू खोजेर आफ्नो जीवीका चलाएका थिए। आजभन्दा करिब १०,००० देखि १२००० वर्ष पहिले नवपाषाण युग (Neolithic Age) भएको अनुमान गरिन्छ। यस युगमा क्रान्तिकारी परिवर्तन भएको थियो। अथवा मानव संस्कृतिमा आमूल परिवर्तन नै यस युगमा आएको हो भन्न सकिन्छ। यस समयका प्रमुख परिवर्तनहरूमध्ये एउटा कृषिको प्रारम्भ र अर्को पशुपालनको शुरूवात थियो।

### २.१.१ कृषि क्षेत्रको विकासक्रम

सुवेदी, (२०६५) समाजशास्त्र तथा मानवशास्त्रको अध्ययनले मानिसहरू जंगली युग र सिकारी युग पार गर्दै कृषि युगमा प्रवेश गरेको कुरा देखाउँछ। फिरन्ते जीवनको ठाउँमा घर बनाएर बसोबास गर्दा सुरक्षा, सुख र सुविधाको महसुस हुन थाल्यो। विस्तारै उनीहरूले खेतीपाती शुरू गर्न थाले। ग्रामीण बस्तीको विकास हुँदै शहरीकरणको विकाससमेत हुन गयो। मानवीय आवश्यकता र विकासका क्रममा मानव समाज कृषिपछि औद्योगिक युगमा प्रवेश गऱ्यो। उद्योग धन्दाहरूका लागि समेत कृषि क्षेत्रको विकास अझै अपरिहाय हुन गयो। फलतः कृषि क्षेत्रमा विस्तार विविधीकरण गर्ने क्रमलाई बढाइयो।

बराल, (२०६४), रसायन वनस्पतिशास्त्रीहरूले उल्लेख गरेअनुसार सर्वप्रथम मानवले गहुँ र जौको खेती गरेका थिए। यसको खेती सर्वप्रथम अफगानिस्तानबाट शुरू गरिएको उल्लेख छ। नवपाषाण युगमा मानवले प्रयोग गरेका माटाका भाँडाहरूमा जौ तथा गहुँको अवशेष र जौ तथा गहुँको छाप समेत पाइएको छ। यसका आधारमा भन्न सकिन्छ कि मानवले सर्वप्रथम गहुँ र जौबाट नै कृषि कार्यको थालनी गरेको

थियो ।

सुवेदी, (२०६५) दक्षिणी इराक र सिरियाबाट शुरूवात भएको जंगली कृषि उपजपछि भारतीय उपमहाद्वीपमा गहुँको उत्पादन शुरू गरियो । त्यसपछि आलु, गोलभेंडा, मरिच आदिको उत्पादन शुरू हुन थाल्यो । मध्ययुगीन मुस्लिम किसानहरूले धान, उखु, फलफूल, कपासलगायतका उपजहरू लगाउन थाले । सिंचाइ प्रणालीको विकास गर्दै लगियो । फलफूल खेती, पशुपालन, मत्स्यपालन, पन्छीपालन आदिको विकास हुँदै गयो र १८ औं शताब्दीमा आइपुग्दा कृषि क्षेत्रलाई उच्चतम विकासमा पुऱ्याइयो । सन् १९९६ सम्म विश्वमा कृषि पेशा अवलम्वन गर्नेहरूको सङ्ख्या ४२% रहेकोमा सन् २००६ मा आइपुग्दा त्यो सङ्ख्यामा ६% ले कमी आई ३६% मा झरेको थियो । हाल विश्वमा करिब ३५% श्रमशक्ति कृषि पेशमा निर्भर रहेको छ ।

### २.१.२ नेपालमा कृषि व्यवसाय

दाहाल र खतिवडा, (२०५८), नेपालको इतिहासमा काठमाडौं उपत्यकाको पानी बगेर गएपछि उपत्यका बसोबास योग्य भयो र गाईपालक (गोपाल) हरूको समूह आएर बसोबास गर्न थालेको पाइन्छ । गोपालहरूलाई लडाइमा हराएर महिषपालहरूले शासन गरेका थिए । गाई पाल्ने गोपाल वंशी तथा भैंसी पाल्ने महिषपालहरूको शासन व्यवस्थाको अर्थतन्त्र पशुपालनमा नै आधारित थियो । त्यसैले नेपालमा गोपालवंश तथा महिषपालहरूले सामान्य रूपमा खेतीपातीको पनि शुरूवात गरेका थिए भनेर अनुमान गर्न सकिन्छ । यसबाट के स्पष्ट हुन्छ भने विश्व सभ्यताको विकासको क्रममा अन्य क्षेत्रमा देखिए सरह नेपालमा पनि पशुपालन र त्यसपछि कृषि व्यवसायतर्फ उन्मुख भएको पाइन्छ । काठमाडौं उपत्यकामा आभिरहरूलाई हराएर किराँतहरूले शासन व्यवस्था चलाएका थिए । किराँतकाल कृषिको युग थियो । त्यो समयसम्ममा मानिसहरू कृषिको अलावा पशुपालन कार्य पनि गर्दथे । तर मानिसहरूको मुख्य पेशा चाहिँ कृषि भैसकेको थियो । लिच्छवीकालमा राज्यको तर्फबाट र जनताको तर्फबाट पनि खेतीपाती गरिन्थ्यो । यसकालमा धान, गहुँ, तेलहन, उखु, कपास, फलफूल र सागसब्जी प्रमुख रूपमा लगाइने बालीनाली थिए । कृषि उत्पादन गरेवापत भागकर र पशुपालन व्यवसाय गरेवापत भोगकर जनताले राज्यलाई तिर्नुपर्दथ्यो । त्यसैगरी

मध्यकालमा भौगोलिक परिस्थिति अनुसार अलग अलग प्रकारको कृषि प्रणाली थियो । काठमाडौं उपत्यकामा खनेर खेती गरिन्थ्यो । तर उपत्यका बाहिर गह्रा बनाएर गोरूले जोतेर खेती गर्ने गरिन्थ्यो । त्यस समयमा जमीनलाई अब्बल, दोयम, सिम र चाहर गरी चारभागमा वर्गीकरण गरिएको थियो । खेतीको विकासका लागि निजी र सरकारी कुलाको पनि व्यवस्था गरिएको पाइन्छ ।

चालिसे, (२०५८) उर्वरमाटो तथा विभिन्न पहाडी नदीनालाहरूको कारण ऐतिहासिक कालदेखी यहाँका मानिसहरूको मुख्य पेशा कृषि रहिआएको छ । यसरी भूमि नै यहाँका मानिसहरूको प्राण धान्ने मुख्य आधार देखापर्दछ । राजपरिवारको, धार्मिक संस्थाहरूको र साधारण जनताहरूको गरी कृषियोग्य जग्गा मुलतः तीन प्रकारमा विभाजित थिए । कृषिजन्य वस्तुहरूमा धानकै बाहुल्यता थियो जुन कुरा तत्कालीन शिलालेखहरूमा धान्य शब्दको उल्लेख भएबाट बुझिन्छ । धानको अतिरिक्त गहुँ, दाल, सागपात र फलफूल पनि प्रशस्त मात्रामा उब्जाइन्थ्यो । यसरी कृषि त्यति बेलाको नेपालको अर्थव्यवस्थाको मूल मेरूदण्डको रूपमा देखापर्दछ ।

## २.२ सान्दर्भिक साहित्य

घिमिरे (२०६७) ले पाल्पा, मदन पोखरा गा.वि.स. लाई अध्ययन क्षेत्रको रूपमा लिई नगदेवाली र खाद्यान्न बालीबाट प्राप्त आयको तुलनात्मक अध्ययन शीर्षकमा एक शोधपत्र तयार पार्नुभएको छ । उक्त शोत्रपत्रमा अध्ययन क्षेत्रमा खाद्यान्न वाली (धान, मकै, गहुँ) भन्दा नगदेवाली (आलु, काउली, गोलभेडा, मुला) तरकारी खेतीको आय लगभग तिन गुणा बढी रहेको र नगदेवालीको आर्थिक तथा सामाजिक प्रभावमा ४६% योगदान रहेको उल्लेख गरिएको छ । उक्त अध्ययन क्षेत्रमा साक्षरता प्रतिशत ७१.६% हुनुका साथै उच्च शिक्षा तर्फ पनि आकर्षित रहेको समेत उल्लेख छ ।

दाहाल, (२०६१) ले अलैंची खेतीमा कर्जा र यसका प्रभावकारिता सम्बन्धी गरिएको शोधपत्रमा पहाडी जनताको लागि दैनिक आवश्यकताको वस्तु परिवर्तनको लागि अलैंची उत्पादनको भूमिका औल्याउनु भएको छ । उहाँको दृष्टिकोणमा अलैंची बालिको प्रशोधन तथा बजारको राम्रो व्यवस्था भएको खण्डमा रोजगारीमा तथा

आम्दानी स्थानीय स्तरमै सृजना हुन्छ । धेरै जसो अलैंची उत्पादनले नै पहाडी क्षत्रेको आर्थिक सन्तुलन कायम गर्न मद्दत पुग्दछ ।

तिम्सिना, (२०७१) ले आफ्नो शोधपत्रमा नेपालको पूर्वि पहाडी क्षेत्रमा नगदेवाली विकासको धेरै सम्भावनामा जोड दिएको छ । तर उत्पादित नगदेवालीको दिर्घकालिन भण्डारणको अभाव वा असुविधा छ । व्यवस्थित बजारको अभावमा उचित मूल्य नपाउँदा कृषकहरू मारमा रहेका छन् । उहाँले आफ्नो अध्ययनमा नगदेवालीको बजारीकरणको समस्या र अन्य मुख्य समस्याको पहिचान र निराकरणका बारेमा विश्लेषण गर्नु भएको छ ।

योगी, (इलाम (२०७१), धार्मिक रूपले महत्वपूर्ण मानिएको रूद्राक्षको माग दिन प्रतिदिन अत्यधिक बढेपछि पूर्वका विभिन्न जिल्लामा रूद्राक्ष खेती गर्ने किसान र व्यवसायी निकै बढेका हुन् । किसानहरूले धान, मकै कोदो, जुनेलो उत्पादन हुने खेतवारी मासेर अलैंची, अदुवा, वेसार मात्र नगदेवालीको रूपमा लगाउने संस्कृति थियो तर हाल आएर रूद्राक्षलाई पनि नगदेवालीको रूपमा खेती गरी अन्य बढी श्रम लाग्ने खेतीलाई छोडी छोटो समयमा धेरै आम्दानी तर्फ लागेका छन् । पछिल्लो समयमा चिनियाँ बजारमा रूद्राक्षको माग बढेसँगै मूल्य पनि आकासिएको छ । संखुवासभाको वाना, होक्से, धुपु, श्याबुन लगायतका ठाउँहरूमा रूद्राक्षको खेती बढी हुने गर्दछ । यसको विक्री वितरण दिँला बजार र खाँदवारी बजारमा हुने गर्दछ ।

दाहाल, (२०७१) ले आफ्नो शोधपत्रमा संखुवासभा, चैनपुर नगरपालिकामा नगदेवालीले त्यहाँको शिक्षाको क्षेत्रमा पारेको प्रभावमा गरेको अध्ययनले अन्य कृषि अर्थात खाद्यान्न बालिमा संलग्न कृषकहरू अझै पनि खान लगाउन नै गाह्रो हुनाले बालबच्चालाई राम्रो शिक्षा प्रदान गर्न नसकेको उल्लेख छ । त्यस्तै नगदेवालीमा संलग्न कृषकहरूले कम श्रममा धेरै आय-आर्जन गर्नाले उनीहरूको जिवशैली, रहनसहन र खानपानमा समेत परिवर्तन आएको छ । उक्त सर्वेक्षणले नगदे बालि अन्तरगत रूद्राक्ष खेति बाट आय आर्जन गर्ने किसानहरूको वार्षिक आम्दानी यस प्रकार देखाएको छ ।

दुई लाख सम्म आयआर्जन गर्ने-३० प्रतिशत

दुई लाख देखि चार लाख सम्म आयआर्जन गर्ने-२० प्रतिशत

चार लाख देखि छ लाख सम्म आयआर्जन गर्ने-३५ प्रतिशत

छ लाख देखि माथि आयआर्जन गर्ने - १५ प्रतिशत

अधिकारी (२०७०), रूद्राक्ष खेती एक महत्वपूर्ण नगदेबाली हो । यसलाई रूद्राक्ष दाना *(ulterasum)* पनि भनिन्छ । रूद्राक्ष खेतीको लागि उपयुक्त हावापानी पूर्वी पहाडी जिल्लाहरूमा रहेको हुनाले उक्त क्षेत्रहरूमा स्थानीय कृषकहरूको विदेशी मुद्रा आर्जन गर्ने प्रशस्त सम्भावना रहेको छ । पहाडी भेगमा रहेको कृषकले बाँझो जग्गामा पनि रूद्राक्ष खेती गर्न सकिने हुनाले यसको उत्पादनमा वृद्दि गरी देशको आर्थिक विकासमा महत्वपूर्ण आधार प्रदान गर्दछ । देशमा उत्पादित मध्ये करिब २ प्रतिशत मात्र स्वदेशमा यसको उपयोग भई बाँकी ९८ प्रतिशत भारत, चीन लगायत अन्य मुलुकहरूमा निर्यात हुने गरेको छ । रूद्राक्ष उत्पादन गर्ने कृषकहरू तथा ब्यपारिहरूबीच सम्पर्क वा ब्यपार नभई मध्यस्तकर्ताले किसानहरूलाई कम मूल्यमा रूद्राक्ष खरिद गरी बढी मूल्यमा ठूला ब्यपारिहरूलाई बेच्ने हुँदा उत्पादन गर्ने किसानले भन्दा बढि फाइदा मध्यस्तकर्ताले लिने गरेको पाइन्छ । यो खेतीमा अहिले सम्म कुनै रोग नलागेको तर सामान्य किराहरू लाग्ने क्रम बढेकाले यसको गुणस्तरमा केहि कम हुन पुगेको छ ।

आचार्य, (२०६६) ले कास्की, मौजा गा. वि. स. लाई अध्ययन क्षेत्रका रूपमा लिई व्यवसायिक तरकारी खेतीले किसानहरूको आर्थिक सामाजिक क्षेत्रमा पारेको प्रभाव सम्वन्धि समाजशास्त्रीय अध्ययन शिर्षक अन्तर्गत एक शोध पत्र तयार पार्नु भएको थियो । उक्त शोध पत्र अनुसार त्यहाँका किसानहरूले वार्षिक रूपमा औषत रू ८५ हजार सम्म आम्दानी गर्ने गरेको उल्लेख छ । यसरी व्यवसायिक तरकारी खेति बाट आम्दानी बढ्न थाले पछि त्यस क्षेत्रका किसानहरूको जिवनस्तरमा सुधार आएको, समयको सदुपयोग भएको, सामाजिक सम्वन्धमा सुधार हुनुका साथै तरकारी उत्पादन समूह जस्ता सामाजिक संस्थाहरूको स्थापना र विकास भएको उल्लेख छ ।

# अध्याय तीन

# अनुसन्धान विधि

यस अध्ययनलाई पूर्णता दिनका लागि गुणात्मक तथा परिमाणात्मक तथ्याङ्कहरू सङ्कलन गरी त्यसलाई वर्णनात्मक तथा विवरणात्मक ढाँचाको प्रयोग गरीनेछ । यसमा जनसङ्ख्या नमुना, तथ्याङ्क सङ्कलनका साधनहरू र तथ्याङ्क सङ्कलनका प्रक्रियाहरूलाई अनुसन्धानको विधी अन्तर्गत समावेश गरिएको छ ।

## ३.१ अध्ययन क्षेत्रको छनोट

यस अध्ययनमा भोजपुर जिल्लाको षडानन्द नगरपालिका लाई उद्देश्यमुलक नमुना छनोटका आधारमा क्षेत्र छनोट गरिएको छ । यस नगरपालिकाको दश वटै वडाहरूमा रूद्राक्ष खेती गरिने भए तापनि व्यवसायिक रूपमा बढि वडा नं २,३ र ४ मा हुने भएको साथै अनुसन्धानकर्ता सँग सिमित स्रोत, साधन र समयको कारणले यी तीन वटा वडालाई मात्र छनोट गरिएको छ । यस नगरपालिकाका अधिकांश किसानहरू रूद्राक्ष खेतीमा संलग्न रहेको तर रूद्राक्ष खेती बारे हाल सम्म कुनै पनि अध्ययन अनुसन्धान नभएकोले यस क्षेत्रलाई अध्ययनका लागि छनोट गरिएको हो । अध्ययन क्षेत्र पूर्वपरिचित हुनु र अध्ययनको लागि आवश्यक सूचना सजिलै प्राप्त गर्न सकिने भएकाले यो अध्ययन छनोट गरिएको हो ।

## ३.२ अनुसन्धानको ढाँचा

प्रस्तुत अध्ययन रूद्राक्ष खेतीले स्थानीय किशानहरूको आर्थिक र सामाजिक क्षेत्रमा पारेको प्रभावमा केन्द्रित छ । यस अध्ययनको उद्येश्य पुरा गर्नका लागि सङ्ख्यात्मक पद्धती अनुरूप प्राथमिक तथ्याङ्कको साथै द्वितिय तथ्याङ्कहरूको प्रयोग गरिएको छ । प्राथमिक तथा द्वितिय तथ्याङ्कको प्रस्तुतीकरण र विश्लेषण गर्न वर्णनात्मक विधि र तुलनात्मक विधिको प्रयोग गरिएको छ । यो अध्ययनको ढाँचा गुणात्मक र सङ्ख्यात्मक स्वरूपको रहेको छ । यस अध्ययनमा अन्वेषणात्मक र वर्णनात्मक अनुसन्धान ढाँचाको प्रयोग गरिएको छ । रूद्राक्ष खेतीमा संलग्न कृषकहरूको वार्षिक

आम्दानी र वचतको र सामाजिक क्षेत्रमा भएको लगानिको अध्ययन गर्न वर्णनात्मक अनुसन्धान ढाँचा र रूद्राक्ष खेतीबाट सामाजिक र आर्थिक क्षेत्रमा पारेको प्रभाव र रूद्राक्ष खेतीमा कृषकहरूले झेलिरहेका समस्याहरूको पहिचान गर्नका लागि अन्वेषणात्मक अनुसन्धान ढाँचाको प्रयोग गरिएको छ ।

## ३.३ तथ्याङ्कको स्रोत र प्रकृति

यस अध्ययनमा गुणात्मक र संख्यात्मक दुबै प्रकृतिका तथ्याङ्कहरू प्राथमिक र द्वितिय स्रोत बाट सङ्कलन गएिका छन । प्रमुख रूपमा प्राथमिक स्रोतमा आधारीत तथ्याङ्क सङ्कलन गएिका छन भने केहि तथ्याङ्क द्वितिय सहायक स्रोतबाट पनि लिइएको छ । जसलाई निम्न अनुसार व्याख्या गरिएको छ ।

### क) प्राथमीक स्रोत

प्रस्तुत अध्ययनको प्राथमीक स्रोत अन्तर्गत अनुसन्धान क्षेत्रका रूद्राक्ष खेतीमा संलग्न स्थानीय किसानहरू सँग, त्यस्तै अग्रज किसानहरू सँग विभिन्न प्रश्नावलीका माध्यमबाट, छलफल र गोष्ठीबाट तथ्याङ्क सङ्कलन गरिएको थियो । त्यसैले यस अध्ययनको लागि प्राथमीक स्रोत भनेको रूद्राक्ष खेतीमा संलग्न किसानहरू, मुख्य जानकार व्यक्तिहरू र लक्षीत समूह नै हुन् ।

### ख) द्वितिय स्रोत

यस अनुसन्धानलाई पूर्णता दिनका लागि प्राथमीक स्रोतले मात्र पर्याप्त नभएकोले सहायक स्रोतलाई पनि लिइएको छ । यस अनुसन्धान सँग सम्वन्धित विभिन्न पाठ्यपुस्तक, जर्नल, रिपोर्टहरू, नगरपालिका, जि.वि.स. तथा विभिन्न संघसंस्थाहरूबाट प्रकाशित लेख, रचना, बुलेटिन आदिबाट तथ्याङ्क लिइएको छ ।

## ३.४ अध्ययनको समग्रता, इकाई र नमुना छनोट

षडानन्द नगरपालिकाको वडा नं २, ३ र ४ मा बसोवास गर्ने र रूद्राक्ष खेतिमा संलग्न कृषक घर परिवार यस अध्ययनको समग्रता हो । जसमा वडा नं. २ मा २०४

घरधुरि र १०१९ जनसंख्या, वडा नं ३ मा २८८ घरधुरी र ८१५ जनसंख्या र वडा नं ४ मा २२५ घरधुरीमा ८८१ जनसंख्या रहेको छ । जम्मा ७१७ घरपरीवारका २७१५ जनसंख्या यि तीन वटा वडामा बसोवास गर्दछन । जहाँ वडा नं २ को २०४ घरधुरी मध्ये ११० घरधुरी, वडा नं ३ को २८८ मध्ये १७५ घरधुरी र वडा नं ४ को २२५ घरधुरी मध्ये ११७ घरधुरी गरी जम्मा ४०२ घरधुरी रूद्राक्ष खेतिमा संलग्न कृषक घर परिवार छन जुन यस अध्ययनको समग्र हो । यस अध्ययनमा व्यवसायिक रूपमा रूद्राक्ष खेती गर्ने घरपरिवार संख्या ४०२ बाट सामान्य सम्भावनायुक्त नमुना छनोट विधि अन्तर्गत चिट्ठा प्रणालीबाट १०० घरपरीवारलाई अर्थात २४.८ प्रतिशत ईकाइ लाई यस अध्ययनको नमुनाको रूपमा छनोट गरिएको छ ।

उक्त नमुना छनोट तालिका यस प्रकार रहेको छ ।

| वडा | रूद्राक्ष खेतीमा संलग्न कृषकहरू | नमुना छनोट | समग्रमा नमुनाको |
|---|---|---|---|
| २ | ११० | २८ | २५.४५ |
| ३ | १७५ | ४३ | २४.५७ |
| ४ | ११७ | २९ | २४.७८ |
| जम्मा | ४०२ | १०० | २४.८७ |

स्रोतः स्थलगत सर्वेक्षण, २०७२

### ३.५ तथ्याङ्क सङ्कलनका साधनहरू

यस अध्ययनलाई पूर्णता दिनका लागि विभिन्न किसिमका तथ्याङ्क सङ्कलन गर्न विभिद किसिमका साधनहरूको प्रयोग गरिएको छ । तथ्याङ्क सङ्कलनमा मुख्य गरेर बन्द तथा खुला प्रश्नावलीहरूनै प्रमुख साधनका रूपमा प्रयोग गरिएको छ भने अन्तर्वार्ता, अवलोकन, लक्षित समूह छलफल साथै मुख्य जानकार व्यक्तिहरूसँगको अन्तर्वार्ता आदिलाई तथ्याङ्किय प्रविधिको रूपमा प्रयोग गरिएको छ । यिनीहरूको पूर्ण विवरण यसप्रकार छ ।

### ३.५.१ अन्तर्वार्ता

यस अध्ययनका लागी आवश्यक तथ्याङ्कहरू सकलनका लागि अन्तर्वार्ता सूची बनाइएको छ । अनुसन्धानका लागी आवश्यक पर्ने विभिन्न तथ्याङ्कहरू अन्तर्वार्ताको माध्यमबाट प्राप्त गरिएको छ । रूद्राक्ष खेती गर्ने कृषकहरूको आर्थिक अवस्था र सामाजिक क्षेत्रमा परेको प्रभाव अध्ययन क्षेत्रमा रूदाक्ष उत्पादन, त्यसबाट प्राप्त आय, खर्च, रूदाक्ष खेतीमा देखिएका समस्याहरू र समाधानका उपायहरू आदिका बारेमा प्रश्नावलीका माध्यमबाट तथ्याङ्कहरू सकलन गरिएको छ । अन्तर्वार्ता सूची अनुसूची १ मा राखिएको छ ।रूद्राक्ष खेतीमा आवद्द नमुना छनोटमा परेका कृषकहरूको प्रत्येक घरमुली सँग अनुसूची १ अनुसारको प्रश्नावली प्रयोग गरी जम्मा १०० घरमुलीको आमनेसामने उपस्थित भई प्रश्नोत्तरको माध्यमबाट तथ्याङ्कहरू सकलन गर्न प्रत्यक्ष व्यक्तिगत अन्तर्वार्ताको प्रयोग गरिएको छ ।

### ३.५.२ उत्तरदातासँगको लक्षित सामुहिक छलफल

रूद्राक्ष खेतीसँग सम्वन्धित समस्यासँग सम्बन्धित तथ्याङ्कहरू खोज गर्नका लागि रूद्राक्ष खेतीमा आवद्द अग्रज किसानहरूलाई छनोट गरी छलफल गरिएको थियो । यस छलफल मुख्यत नगदेवाली र खाद्यन्न वाली कुन बाट फाइदा लिन सकिन्छ ?, यस क्षेत्रका रूद्राक्ष खेतीसँग सम्बन्धित समस्याहरू के के छन् र ति समस्या समाधान गर्ने उपायहरू के के हुन सक्लान जस्ता विषयहरूमा केन्द्रित थियो । यसका लागि तयार पारिएको निर्देशिका अनुसूची २ मा राखिएको छ । रूद्राक्ष खेतीमा आवद्द अग्रज किसानहरूलाई छनोट गरी प्रत्येक वडा बाट ५/५ जनाका दरले जम्मा १५ जना अग्रज किसानहरू पर्ने गरी ८ जनाको र ७ जनाको गरी २ समूहको निर्माण गरी अध्ययनकर्ता आफैले छलफल सञ्चालन गरिएको थियो । छलफलमा सकेसम्म सवै वर्ग र समुदायका मानिसहरूलाई सहभागिता गराउने प्रयास गरिएको थियो । यस अध्ययनलाई प्रभावकारी बनाउन र प्राप्त तथ्याङ्कलाई विश्वसनिय बनाउनका लागि अन्तर्वार्ताका साथ साथै लक्षित समुह छलफल गराएको हु ।

### ३.५.३ मुख्य जानकार व्यक्तिहरूसँगको अन्तर्वार्ता

मुख्य जानकार व्यक्तिहरूसँग भेट गरी समाजमा परेको आर्थिक सामाजिक प्रभाव वारे र रूद्राक्ष खेतीमा देखिएका समस्या र समाधान सम्वन्धि पूर्व निर्धारित अन्तर्वार्ताका सूचीका आधारमा सूचना तथा तथ्याङ्कहरू सकलन गरिएको छ । यसका लागि तयार पारिएको अन्तर्वार्ताको सूची अनुसूची ३ मा राखिएको छ । मुख्य जानकार ब्यक्तिहरू मध्ये ५ जना भिन्न भिन्न विद्यालयबाट शिक्षकहरू, ५ जना भिन्न भिन्न क्षेत्रका रूद्राक्ष ब्यापारीहरू र एक जना कृषि कार्यालयका प्रतिनिधि सँग प्रत्यक्ष भेट गरी रूद्राक्ष खेतिले कृषकहरूको सामाजिक र आर्थिक क्षेत्रमा परेको प्रभावका बारेमा पुर्व निर्धारित अन्तर्वार्ता सुचिका आधारमा अन्तर्बार्ता लिई सूचना सङ्कलन गरिएको छ । मुख्य जानकार व्यक्तिहरू बाट तथ्याङ्क लिदा तथ्यपरक कुराहरू प्राप्त हुने भएकोले यस अनुसन्धानलाई अझ दरिलो बनाउन, गहन बनाउनका लागि यस साधनलाई अंगालिएको छ ।

### ३.६ तथ्याङ्क बिश्लेशण तथा प्रस्तुतिकरण

माथि उल्लेखित स्रोत र बिधिहरूबाट प्राप्त हुने तथ्याङ्कहरूलाई बिश्वासनिय भए नभएको यकिन गरी सरल र स्पस्ट भाषामा गुणात्मक र मात्रात्मक दुबै श्लेशण बिधि प्रयोग गरी बिश्लेशण तथा प्रस्तुतिकरण गरिएको छ । गणितिय तथ्याङ्कहरूलाई आवश्यक तालिका, चार्टहरूको प्रयोग गरिएको छ ।

### ३.७ अध्ययनको सीमा

अनुसन्धान आफैमा जटिल, धेरै समय लाग्ने, श्रम र आर्थिक पक्षको आवश्यक पर्ने कार्य भएकोले यस अध्ययनलाई प्रभावकारि, यथार्तपरक, औचित्यपुर्ण र उपयोगी बनाउन क्षेत्र, समय र लागतको निश्चित सिमा भित्र बाधिने छ । यो अध्ययन अनुसन्धानका रूपमा भोजपुर जिल्लाको षडानन्द नगरपालिकालाई समग्रता छनोट गरी निम्न विषयहरूमा सिमित गरिएकोछ ।

१. इकाइका रूपमा षडानन्द नगरपालिकाको वडाहरू २, ३ र ४ लाई मात्र लिइएको छ ।

२. यस अध्ययनमा आर्थिक क्षेत्र अन्तर्गत वार्षिक आय र बचतमा आधारित भइ यस्को सामाजिक र आर्थिक पक्षमा परेको प्रभावमा सिमित छ ।

३. यस अध्ययनमा सामाजिक क्षेत्र अन्तर्गत रूद्राक्ष खेति गर्ने कृषकका बालबच्चाको शिक्षामा पहुँच र सामाजिक क्षेत्रमा गरेको निस्वार्थ लगानि को अध्ययनमा सिमित रहको छ ।

# अध्याय : चार

# अध्ययन क्षेत्र र कृषकको आर्थिक अवस्था

यस अध्ययनमा उत्तरदाता तथा परिवारको आर्थिक र सामाजिक अवस्थाको अध्ययन गरिएको छ । जसमा आर्थिक स्थिति भन्दा अगाडी अध्ययनलाई वुझ्न अझ सजिलो होस भनी त्यस क्षेत्रको जनसङ्ख्याको र भौगोलीक अवस्थाको बारेमा संक्षिप्त व्याख्या गरिएको छ । आर्थिक अवस्था अन्तर्गत खाद्यन्नको पर्याप्तता, आयआर्जन, खर्च र वचत आदिबारे सम्वन्धित तालिका मार्फत विवरणात्मक रूपमा प्रस्तुत गरिएको छ । त्यस्तै सामाजिक अवस्था अन्तर्गत कुन कुन क्षेत्रमा के के परिवर्तन भएको छ ? त्यसको बारेमा तालिकाको माध्यम बाट नै प्रस्तुत गरिएको छ । प्राथमिक तथा सहायक स्रोत बाट सङ्कलित तथ्याङ्क बाट उद्देश्य अनुसार प्रस्तुत गर्दै विभिन्न तालिका, रेखाचित्र, ग्राफ, चार्ट, स्तम्भ चित्र आदिमा देखाई विषयबस्तुलाई व्याख्या विश्लेषण गरिएको छ । यस अध्ययनलाई सरलिकृत गर्न तथ्याङ्कहरूलाई विभिन्न एकाई, उप एकाईहरूमा प्रस्तुत गरी तथ्याङ्कहरूको परिणामको व्याख्या गर्नु भन्दा पहिले अध्ययन क्षेत्रको संक्षिप्त परिचय दिनु पर्ने भएकोले सो को संक्षिप्त परिचय प्रस्तुत गरीएको छ ।

## ४.१ भोजपुर जिल्लाको परिचय

भोजपुर जिल्ला पूर्वाञ्चल विकास क्षेत्रको कोशी अञ्चल अन्तर्गत उत्तरी भागमा अवस्थित नेपालको एक पहाडी जिल्ला हो । यो जिल्ला को सदरमुकाम भोजपुर बजारनै रहेको छ । यस जिल्लाको भौगोलिक अवस्थिति २६ डिग्रि ५३ मिनेटं उत्तर देखि २७ डिग्री ४६ मिनेट उत्तरी अक्षांस सम्म र ८६ डिग्री ५३ मिनेट देखि ८७ डिग्री १७ मिनेट पूर्वी देशान्तर को विचमा रहेको छ ।नया संरचना अनुसार प्रदेश नं. १ मा रहेको यस जिल्लाको क्षेत्रफल १,५०७ बर्ग किलो मिटर र जनसङ्ख्या जम्मा २,०३,०१८ रहेको छ । यस क्षेत्रका आदिवासि राइ हुन् भने बजार क्षेत्रमा नेवारहरूको वाहुल्यता रहेको छ । यस जिल्लामा क्षेत्रि, ब्राम्हण, मगर, नेवार, राइ, दलित, शेर्पा आदि जातिहरूको बसोवास रहेको छ । यस जिल्लाको पूर्व तीर संखुवासभा, धनकुटा

दक्षिण तीर धनकुटा, उदयपूर पश्चिम तीर खोटाङ, उदयपुर र उत्तर तीर संखुवासभा र सोलुखुम्बु जिल्ला पर्दछन् ।

यस जिल्लामा २ नगरपालिका र ५४ गाउँ विकास समिति र २ निर्वाचन क्षेत्र रहेका छन् । यसको उत्तर तीर एउटा सानो सुन्दर बजार दिङ्ला रहेको छ । जुन षडानन्द नगरपालिकामा पर्दछ । यस जिल्लामा प्रसस्त नदीनालाहरू सुनकोशी, अरूण, पिखुवा, इर्खुवा, खकुवा, नखुवा, चिर्खुवा आदि हुन् । त्यसै गरी यस जिल्लामा धेरै पानी पोखरीहरू रहेका छन् । जस्तै साल्पा, हाँसपोखरी, च्याङ्ग्रे पोखरी आदि । यस जिल्लामा पर्यटकीय क्षेत्रहरू सिद्धकाली देविको मन्दिर, ट्याम्के डाँडो, सुन्तले डाँडा, दिङ्ला बजार, दिङ्लाको रामचन्द्रको मन्दिर, घोटेटार आदि रहेका छन् । भोजपुर जिल्ला वहुभाषी, वहुजाती तथा वहुसंस्कृतीले भरीपूर्ण रहेको जिल्ला हो । ट्याम्के डाँडामा २६ जातीका लालिगुँरास पाइन्छ भने ति डाँडा बाट मकालु हिमालको मनोरम दृष्य अवलोकन गर्न सकिन्छ । यो जिल्लामा मूल्यवान रूद्राक्ष, अलैची र चिराइतो को अधिकतम उत्पादन हुने हुनाले यस जिल्ला लाई सुनको भण्डारणको रूपमा लिन सकिन्छ । यो जिल्ला सामाजिक, सांस्कृतिक, आर्थिक तथा प्राकृतिक स्रोत र साधनले सम्पन्न पर्यटकिय दृष्टिकोणले रमणिय र मनोरम मानिन्छ (District Profile 2072, Bhojpur) I

भोजपुर जिल्ला जातजातीको दृष्टिकोणले पनि धेरै धनी रहेको छ । यस जिल्लामा रहेको जातजातीगत विवरण यस प्रकार रहेको छ ।

तालिका नं. २

भोजपुर जिल्लाको जातजातिगत विवरण

| क्र.सं. | जातजातिगत विवरण | सङ्ख्या | प्रतिशत |
|---|---|---|---|
| १ | किरात राई | ७५,३२६ | ३६.५३ |
| २ | क्षेत्री | ४३,१८३ | २०.९४ |
| ३ | ब्राम्हण | १५,२२६ | ७.३८ |
| ४ | नेवार | १८,२१७ | ८.८६ |
| ५ | मगर | ८,६८६ | ४.२१ |
| ६ | तामाङ् | १८,५२५ | ८.९८ |
| ७ | गुरूङ् | २,७५२ | १.३३ |
| ८ | शेर्पा | ४,४०२ | २.१३ |
| ९ | भुजेल | २,९२८ | १.४२ |
| १० | सन्यासी | २,३०९ | १.१२ |
| ११ | दमाई | ५,४६४ | २.६५ |
| १२ | सार्कि | ४,३०९ | २.०९ |
| १३ | अन्य | ४,७९४ | २.३३ |
| जम्मा | | २,०६,१७५ | १०० |

स्रोत : जिल्ला विकास कार्यालय भोजपुर, २०७२ ।

यसै गरी यस जिल्लाको कुल जनसङ्ख्या २,०६,१७५ मध्ये पुरूष ९८,५६३ र महिला को सङ्ख्या १,०७,५९४ रहेको छ । यहाँ कुल परिवार सङ्ख्या ४०,७७५, सरदर परिवार सङ्ख्या ५.०५६ जना र जनसङ्ख्या वृद्धिदर १.१५% रहेको छ । त्यस्तै गरेर सरदर आयु ६१.७ र साक्षरता दर ५१ रहेको छ । यस जिल्लामा स्नातकोत्तर क्याम्पस १ वटा, स्नातक क्याम्पस ३ वटा, २२ वटा उच्च मावि, ४१ वटा मावि, २८ वटा निमावि र

१६८ वटा प्रावि रहेका छन् ।यस जिल्लाको टक्सार भन्ने ठाँउमा एक मात्र विमान स्थल रहेको छ (जि.वि.स. प्रोफाइल, २०७२) ।

### ४.२ षडानन्द नगरपालिकाको परिचय

भोजपुर जिल्लाका २ वटा नगरपालिकाहरू मध्ये भोजपुर सदरमुकामबाट ८० कि.मि. उत्तरमा रहेको यस षडानन्द नगरपालिकामा जम्मा १० वटा वडाहरू रहेका छन् । यस नगरपालिकामा इलाका प्रशासन कार्यलय, मालपोत कार्यलय, कृषि विकास वैङ्क, वाणिज्य विकास वैङ्क आदि सरकारी कार्यलयहरू रहेका छन् । निर्वाचन क्षेत्र नं. १ मा अवस्थित यस नगरपालिका दक्षिण पश्चिम देउराली गाविस देखि उत्तर पूर्व  तिनतले डाँडा सम्म फैलिएको छ । यस नगरपालिकामा १ वटा स्नातकोत्तर क्याम्पस, ३ वटा उमावि, ६ वटा मा. वि, ५ वटा नि.मा.वि. र २३ वटा प्रा. वि. रहेका छन् । यस नगरपालिकाका अधिकांस मानिसहरू रूद्राक्ष खेतीमा संलग्न भएका छन् (षडानन्द न.पा, २०७२) ।

### ४.३ रूद्राक्ष खेती गर्ने कृषकहरूको आर्थिक अवस्थाको विवरण

यस अध्ययन क्षेत्र षडानन्द नगरपालिकाको वडा नं. २, ३, र ४ भएकोले उक्त वडाहरूका जम्मा ४०२ घरधुरी मध्येका १०० घरधुरी मात्र अध्ययन क्षेत्रमा समावेश गरीएको छ । यसरी नमुना छनोट बाट रूद्राक्ष खेती गर्ने कृषकहरूको आम्दानी, बचत, सम्पत्ती, खाद्यन्नको पर्याप्तता, खर्च आदिको बारेमा प्राप्त तथ्याङ्कलाई विभिन्न तालिका, रेखाचित्र, चार्ट, स्तम्भचित्र आदिमा देखाई व्याख्या तथा विश्लेषण गरिएको छ ।

#### ४.३.१ खाद्यन्नको पर्याप्तताको स्थिति

अध्ययन क्षेत्रका कृषकहरूलाई आफ्नो जमिनको आम्दानीले ५ बर्ष अघि सम्म खानका लागि पुग्थ्यो कि पुग्दैनथ्यो, अहिले रूद्राक्ष खेती गर्न थाले पछीको अवस्था के छ त भनि गरिएको अनुसन्धानबाट लगभग आधा जति घरपरीवारहरूले आफ्नो जमिनबाट

खाद्यन्नको पर्याप्तता नभई बैदेशिक रोजगार, ज्यालादारी काम बाटनै गुजारा गरेको जनाएका थिए । उक्त अनुसन्धानबाट प्राप्त विवरणलाई तल तालिकामा देखाइएको छ ।

**तालिका नं. ३**

**५ बर्ष पहिलेको खाद्यन्नको पर्याप्तता को विबरण**

| क.सं. | खान पुग्ने अवधि | घरधुरी सङ्ख्या | प्रतिशत |
|---|---|---|---|
| १ | ४ महिना भन्दा कम | २ | २ |
| २ | ४ महिना सम्म | ८ | ८ |
| ३ | ४-८ महिना सम्म | २६ | २६ |
| ४ | ८-१२ महिना सम्म | ३४ | ३४ |
| ५ | १२ महिना भन्दा बढि | ३० | ३० |
| | जम्मा | १०० | १०० |

स्रोत : स्थलगत सर्वेक्षण, २०७२

माथिको तालिकामा हेर्दा ४ महिना सम्म पनि खान नपुग्ने घरपरिवार २, चार महिना सम्म खान पुग्ने ८ घरपरिवार, आठ देखि बाह्र महिना सम्म खान पुग्ने घरपरिवार ३४ र १२ महिना भन्दा बढि समय सम्म खान पुग्ने घरपरिवार को सङख्या ३० देखिन्छ । यो पाँच वर्ष पहिले यानिकी रूद्राक्ष खेती नगर्दाको अवस्था हो । यसरि हेर्दा ७० प्रतिशत घरपरिवार ले खाद्यन्न पुग्ने गरी रूद्राक्षबाट आम्दानी नगरेको र जिवन निर्वाहका लागि विदेश जाने अथवा ज्यालादारीमा काम गर्ने गरेको देखिन्छ ।

यसै गरी अहिले वर्तमान अवस्थामा खाद्यन्न नपुग्ने किसानहरू कती छन् अर्थात रूद्राक्ष खेती गर्न थाले पछिको अवस्थाको बारेमा गरिएको सर्वेक्षण अनुसारको विवरण यस प्रकार रहेको छ ।

तालिका नं. ४

रूद्राक्ष खेतीमा संलग्न भएपछिको अवस्था

| क्र.सं. | खान पुग्ने अवधि | घरधुरी सङ्ख्या | प्रतिशत |
|---|---|---|---|
| १ | ८-१२ महिना सम्म | १६ | १६ |
| २ | १२ महिना भन्दा बढि | ८४ | ८४ |
| | जम्मा | १०० | १०० |

स्रोत : स्थलगत सर्वेक्षण,२०७२

यसरी हेर्दा रूद्राक्ष खेतीमा संलग्न भएपछि कम्तीमा ८ महिना सम्म रूद्राक्षको आम्दानीबाट र आफ्नो अन्न वालीबाट  खान पुग्ने र बाँकी २/४ महिना ज्यालादारी काम गरी गुजारा र केहि बचत पनी गरेका पाइयो । ८४ प्रतिशत घरपरिवारले रूद्राक्ष खेतीबाट आएको आम्दानी बाट घरायसी खर्च कटाई बचत गर्न थालेको अवस्था रहेछ । आर्थिक सम्पन्नता तर्फ उन्मुख भएको देखिन्छ ।

४.३.२ आयआर्जनको अवस्था

अध्ययन क्षेत्रका मानिसहरूको आयआर्जनको प्रमुख स्रोत रूद्राक्ष खेतीनै रहेको छ । खाद्यन्न बालीले वर्ष भरि पनि खान नपुग्ने अवस्थालाई चिर्दै अहिले रूद्राक्ष खेतिबाट वचत पनि हून थालेको छ । अध्ययन क्षेत्रका मानिसहरूको प्रमुख आय स्रोत कृषि भएता पनि सरकारि जागिर, वैदेशिक रोजगार, सामान्य व्यवसाय अतिरिक्त स्रोतका रूपमा रहेका छन् । नियमित तिन वर्षको नगदे वाली अर्थात रूद्राक्ष खेतीबाट भएको आम्दानीलाई हेर्दा आर्थिक बृद्धि निरन्तर रूपमा भएको पाइन्छ । अध्ययन क्षेत्रका रूद्राक्ष खेतीमा संलग्न परिवारको निरन्तर तिन वर्षको आम्दानी विवरण निम्न अनुसार प्रस्तुत गरिएको छ ।

तालिका नं. ५

**रूद्राक्ष खेतीबाट आयआर्जन सम्वन्धि विवरण**

| क्र. सं. | वार्षिक आम्दानी (रू लाखमा) | आ. व. २०७० | | आ. व. २०७१ | | आ. व. २०७२ | |
|---|---|---|---|---|---|---|---|
| | | घर सं. | प्रतिशत | घर सं. | प्रतिशत | घर सं. | प्रतिशत |
| १ | १ | ५७ | ५७ | ४० | ४० | ३० | ३० |
| २ | २ | २३ | २३ | ३० | ३० | ३५ | ३५ |
| ३ | ३ | १२ | १२ | १५ | १५ | २० | २० |
| ४ | ३ भन्दा माथि | ८ | ८ | १५ | १५ | १५ | १५ |
| जम्मा | | १०० | १०० | १०० | १०० | १०० | १०० |


स्रोत : स्थलगत सर्वेक्षण, २०७२

माथिको तालिका नं. ५ मा रूद्राक्ष खेतीमा संलग्न किसानहरूको २०७० साल देखि निरन्तर ३ वर्ष सम्मको आम्दानीका बारेमा देखाइएको छ । उक्त तालिकालाई तुलना गर्दा २०७० सालमा १ लाख सम्म आम्दानी गर्ने ५७ प्रतिशत, २०७१ सालमा ४० प्रतिशत र २०७२ सालमा ३० प्रतिशत रहेको छ । यसको मतलव कम आय भएको घरपरिवारको प्रतिशत निरन्तर घट्दै गइरहेको छ । त्यस्तै १ लाख भन्दा बढि आम्दानी गर्ने घरपरिवारको प्रतिशत निरन्तर रूपमा प्रत्येक बर्ष बढ्दै गएको छ । यस बाट के प्रस्ट हुन्छ भने रूद्राक्ष खेती दिनप्रतिदिन विस्तार हुदै गएको र यसबाट त्यस क्षेत्रका किसानहरूको आर्थिक अवस्था पनि मजबुद हुदैगएको छ ।

### ४.३.३ रूद्राक्ष खेतीमा संलग्न किसानहरूको बचत

यस अध्ययनमा अध्ययन क्षेत्रका किसानहरूले गरेको आम्दानीबाट घरायसी खर्च कटाई वार्षिक रूपमा के कती बचत हुन्छ भनी गरेको सर्वेक्षणबाट केहि घरपरिवारले राम्रो बचत गरेको पाइएको थियो । उक्त बचत सम्वन्धिको विवरणलाई तल स्तम्भ चित्रमा देखाइएको छ ।

चित्र नं. १




स्रोत : स्थलगत सर्वेक्षण, २०७२

माथिको चित्रबाट हेर्दा रूद्राक्ष खेती र अन्न वाली बाट एक मुष्ट बचत गर्ने घरपरिवार सङ्ख्यामा १६ प्रतिशतले ५० हजार सम्म बचत गरेको, ३४ प्रतिशतले १ लाख सम्म बचत गर्ने गरेको त्यस्तै ३० प्रतिशतले २ लाख सम्म र २० प्रतिशत घरपरिवारले २ लाख भन्दा बढि बचत गर्ने गरेको देखिन्छ । यसरि तुलना गरेर हेर्दा सवै भन्दा ठुलो समूहले वार्षिक १ लाख बचत गरेको देखिन्छ ।

### ४.३.४ **सम्पत्ति**

व्यवसायिक रूपमा रूद्राक्ष खेती गरे पछि आर्थिक प्रभाव अन्तर्गत रूद्राक्ष विक्रिबाट सङ्कलित रकम कस्तो शिर्षकमा खर्च गर्ने र सम्पत्तीको रूपमा कसरी प्राप्त आम्दानि सदुपयोग भएको छ भन्ने कुरा बुझ्न आवश्यक छ । जसले गर्दा उसको आर्थिक तथा सामाजिक प्रतिष्ठमा प्रत्यक्ष प्रभाव पर्दछ । यस क्षेत्रका किसानहरूले सम्पत्तीका रूपमा जोडेका शिर्षक निम्न अनुसार तालिकामा देखाइएको छ ।

तालिका नं. ६

रूद्राक्ष खेती गर्ने किसानहरूको सम्पत्ती विवरण, २०७२

| क्र. सं. | विवरण | सङ्ख्या | प्रतिशत |
|---|---|---|---|
| १ | गरगहना वनाउने | २५ | २५ |
| २ | जग्गा खरिद | ३५ | ३५ |
| ३ | घर वनाउने | २५ | २५ |
| ४ | सवारी साधन जोड्ने | १५ | १५ |
| | जम्मा | १०० | १०० |

स्रोत : स्थलगत सर्वेक्षण, २०७२

माथिको तालिका नं ६ को आधारमा प्रस्तुत तथ्याङ्कलाई हेर्दा आर्थिक प्रभाव अन्तर्गत रूद्राक्ष विक्रि गरेपछि हुन आउने आम्दानीवाट मुख्यत गरगहना बनाउने मानिसहरूको संख्या २५ प्रतिशत, जग्गा खरिद गर्ने ३५ प्रतिशत, घर बनाउने २५ प्रतिशत र सवारी साधन खरिद गर्ने १५ प्रतिशत संख्या रहेको छ भने बाँकि रकम अन्य आवश्यक परेको बेला प्रयोग गर्ने गरी घरमा राख्ने अथवा वैंकमा राख्ने जस्ता मिश्रीत जबाफहरू पाइयो ।

यसरि नगदबाट जग्गा खरिद किसानहरूको संख्या अत्यधिक पाइयो भने अन्य विभिद क्षेत्रमा खर्च गरेर बचत रकमलाई सम्पत्तिको रूपमा राख्ने विभिन्न शिर्षक पाइएको छ । यसले गर्दा आर्थिक स्थिति वृद्धि भएको तथा रूद्राक्ष खेतीलाई मुख्य व्यवसाय र जिविकोपार्जन माध्यमका रूपमा लिइएको पाइयो । यसले आर्थिक वृद्धिमा सकरात्मक प्रभाव पारेको छ ।

### ४.३.५ खाद्यन्न बाली र नगदे बालीको आम्दानी

### ४.३.५.१ खाद्यन्न बालीको वार्षिक आम्दानी

यस अध्ययन क्षेत्रका किसानहरूको खाद्यन्न बाली र नगदे बाली (रूद्राक्ष खेती) बाट हुने आम्दानीको तुलना गर्न गरिएको लक्षित समूह छलफलमा १५ जनाको समूहबाट आएको विवरण तथा निष्कर्षलाई केलाएर निम्नानुसारको अवस्था तथा विवरण प्राप्त भएको छ ।

तालिका नं. ७

प्रमुख खाद्यन्न बालीको वार्षिक उत्पादन, २०७२

| क्र. सं. | प्रमुख खाद्यन्न बाली | क्षेत्रफल रोपनि | उत्पादन मुरीमा |
|---|---|---|---|
| १ | धान | ८०० | १००० |
| २ | मकै | १००० | १५०० |
| ३ | कोदे | ६०० | २०० |

स्रोत : स्थलगत सर्वेक्षण, २०७२

माथिको तालिकालाई हेर्दा धान उक्त अध्ययन क्षेत्रमा ८०० रोपनीमा १००० मुरी यानिकी प्रति रोपनी १.२५ मुरी उत्पादन हन्छ । मकै १००० रोपनीमा १५०० मुरी र कोदो ६०० रोपनीमा  २०० मुरी उत्पादन हुने देखिन्छ ।

तालिका नं. ८

प्रमुख खाद्यन्न बालीको बजार मूल्य, २०७२

| क्र. सं. | प्रमुख खाद्यन्न बाली | मूल्य रू प्रति मुरी |
|---|---|---|
| १ | धान | ३००० |
| २ | मकै | २००० |
| ३ | कोदो | २५०० |

स्रोत : स्थलगत सर्वेक्षण, २०७२

तालिका नं. ८ बाट १ मूरी धानलाई रू ३,०००, १ मुरी मकैलाई मूल्य रू २००० र १ मुरी कोदो लाई रू २५०० पर्ने गरेको छ ।

### तालिका नं. ९

### प्रमुख खाद्यन्न बालीबाट प्राप्त हुन सक्ने आम्दानी, २०७२

| क. | प्रमुख खाद्यन्न बाली | उत्पादन | मूल्य प्रति | कुल आय रू मा |
|---|---|---|---|---|
| १ | धान | १,००० | ३००० | ३०,००००० |
| २ | मकै | १,५०० | २००० | ३०,००००० |
| ३ | कोदो | २०० | २५०० | ५,००००० |
| | | जम्मा वार्षिक आम्दानि | | ६५,००००० |
| | | औषत आय (१ रोपनी) | | २,७०८.३३ |

स्रोत : स्थलगत सर्वेक्षण, २०७२

माथिका तालिका ७, ८, र ९ बाट हेर्दा किसानहरूले मुख्य खाद्यन्न बाली धान, मकै र कोदो को खेति जम्मा २,४०० रोपनी जग्गामा गर्दा वार्षिक आम्दानी बजार मूल्य अनुसार रू ६५ लाख पाइयो भने औषत रूपमा १ रोपनी जग्गामा रू २ हजार ७ सय ८ रूपैँया ३३ पैसा औषत वार्षिक आय रहेको पाइयो ।

### ४.३.५.२ नगदे बालीबाट हुने वार्षिक आम्दानी

यस अध्ययनमा अध्ययन क्षेत्रका मुख्य लक्षित समुहको छलफलबाट प्रति रोपनी जग्गाको आम्दानी नगदे बाली अर्थात रूद्राक्ष खेतीबाट कति होला ? कुन खेतीले किसानहरूलाई लाभ होला भनि गरिएको छलफलको तथ्यगत विवरणलाई तालिका मा प्रस्तुत गरिएको छ ।

तालिका नं. १०

नगदे बालीको वार्षिक उत्पादन, २०७२

| क. सं. | प्रमुख नगदे बाली | क्षेत्रफल रोपनी | उत्पादन मन |
|---|---|---|---|
| १ | रूद्राक्ष | १००० | २००० |
| २ | अदुवा | ५०० | १००० |
| ३ | खुर्सानी | १५०० | १००० |

स्रोत : स्थलगत सर्वेक्षण,२०७२

तालिका नं. १० ले एक रोपनी जग्गामा २ मन रूद्राक्ष उत्पादन हुन्छ, १ रोपनी जग्गामा २ मन अदुवा नै उत्पादन हुन्छ र १५०० रोपनी जग्गामा जम्मा १००० मन खोर्सानी उत्पादन भएको पाइन्छ ।

तालिका नं. ११

प्रमुख नगदे बालीको बजार मूल्य, २०७२

| क. सं. | प्रमुख खाद्यन्न बाली | मूल्य रू प्रति मन |
|---|---|---|
| १ | रूद्राक्ष | १५,००० |
| २ | अदुवा | ५,००० |
| ३ | खोर्सानी | ५,००० |

स्रोत : स्थलगत सर्वेक्षण, २०७२

तालिका नं. ११ बाट रूद्यद्राक्ष १ मन लाई रू १५०००, अदुवालाई प्रति मन रू ५ हजाार र खोर्सानीलाई प्रति मन रू ५ हजार मूल्य रहेको छ ।

तालिका नं. १२

प्रमुख नगदे बालीबाट प्राप्त हुन सक्ने आम्दानी, २०७२

| क्र.सं. | प्रमुख खाद्यन्न | मूल्य रू प्रति | कुल उत्पादन मन | कुल आय रू मा |
|---|---|---|---|---|
| १ | रूद्राक्ष | १,५०० | २००० | ३,००००००० |
| २ | अदुवा | ५,००० | १००० | ५०,००००० |
| ३ | खुर्सानी | ५,००० | १००० | ५०,००००० |
| जम्मा वार्षिक आम्दानि | | | | ४,००००००० |
| औषत आय (१ रोपनी) | | | | १३,३३३.३३ |

स्रोत : स्थलगत सर्वेक्षण, २०७२

माथिका तालिका १०, ११ र १२ र बाट हेर्दा अध्ययन क्षेत्रका किसानहरूको मुख्य नगदे बाली रूद्राक्ष, अदुवा र खोर्सानी को खेती जम्मा ३००० रोपनी जग्गामा गर्दा वार्षिक आम्दानी बजार मूल्य अनुसार जम्मा रू ४ करोण पाइयो भने औषत रूपमा १ रोपनी जग्गामा रू १३ हजार ३ सय ३३ रूपैँया ३३ पैसा वार्षिक आय रहेको पाइयो । यसरी हेर्दा नगदे बाली यानिकि रूद्राक्ष खेती र खाद्यन्न बालिको खेतीको वार्षिक आम्दानीमा औषत रूपमा प्रति रोपनीको तुलना गर्दा खाद्यन्न बालिको खेतीबाट प्रति रोपनी रू २ हजार ७ सय ८ रूपैँया ३३ पैसा र नगदे बालीको खेतीबाट औषत वार्षिक आम्दानी रू १३ हजार ३ सय ३३ रूपैँया ३३ पैसा यानिकि ६ गुणा बढि आम्दानी रूद्राक्ष खेती बाट भएको देखिन्छ ।

# अध्याय : पाँच

# रूद्राक्ष खेतीले सामाजिक, आर्थिक क्षेत्रमा पारेको प्रभाव र रूद्राक्ष खेतीमा देखिएका समस्याहरू

## ५.१ रूद्राक्ष खेती गर्ने कृषकहरूको सामाजिक अवस्थाको विवरण

यस अध्ययन क्षेत्रका कृषकहरूको सामाजिक अवस्था अर्थात रूद्राक्ष खेतीबाट प्राप्त आय बाट त्यहाँका स्थानीय कृषकहरूको सामाजिक अवस्थामा पारेको प्रभावका बारेमा विभिन्न क्षेत्र जस्तै सामाजिक परोपकारको क्षेत्रमा लगानी, शैक्षिक क्षेत्रमा भएको लगानी, बदलिदो परिस्थिति अनुरूप समायोजन भए नभएको, सामाजिक विकासका प्रयासहरू भए नभएको, नकरात्मक असर आदिका बारेमा सर्वेक्षण गरी विभिन्न विवरण तयार गरिएको छ ।

### ५.१.१ स्थानीय कृषकहरूको जिवन शैलीमा पारेको प्रभावः

यस अध्ययनमा रूद्राक्ष खेतीले स्थानीय कृषकहरूको जिवनशैलीमा के कस्तो परिवर्तन गरेको छ भनि गरिएको सर्वेक्षण बाट प्राप्त तथ्याङ्कलाई तालिकाको माध्यमबाट तल विवरणहरू प्रस्तुत गरिएको छ । स्थानीय कृषकहरूको नमुना छनोटमा परेका १०० घरधुरीबाट संकलित विवरणहरूलाई तल विधागत रूपमा स्पश्ट पारिएको छ ।

#### ५.१.१.१ प्रविधि, सूचना तथा सञ्चारका साधनहरूको विवरण

उक्त १०० घरधुरीमा गरिएको सर्वेक्षणबाट प्राप्त तथ्याङ्कहरूलाई तल तालिकामा राखिएको छ ।

तालिका नं. १३


प्रविधि, सूचना तथा सञ्चारका साधनहरूको विवरण

| क्र.सं. | साधनहरूको विवरण | घरपरिवार संख्या | प्रतिशत |
|---|---|---|---|
| १ | रेडियो | ७० | ७० |
| २ | टेलिभिजन | ५८ | ५८ |
| ३ | कम्प्यूटर | २७ | २७ |

स्रोत : स्थलगत सर्वेक्षण, २०७२

माथिको तालिकाबाट हेर्दा ७० प्रतिशत घरपरिवारमा रेडियो, ५८ प्रतिशत घरपरिवारमा टेलिभिजन र २७ प्रतिशत घरपरिवारमा कम्प्यूटरको पहुँच भएको विवरण छ । जसलाई भेनचित्रबाट अझ स्पष्ट पार्न खोजिएको छ ।

चित्र नं. २




स्रोत : तालिका नं. १३

माथिको भेनचित्रबाट हेर्दा रेडियो, टि.भि र कम्प्यूटर तिनवटै साधन भएका घरपरिवारको संख्या ३ रहेको छ । त्यस्तै रेडियो र टि. भि . भएका घरपरिवारको संख्या ४८, रेडियो र कम्प्यूटर भएका ५ घरपरिवार, टि.भि. र कम्प्यूटर भएका घरपरिवार ५० रहेका छन । यसै गरी रेडियोमात्र हुने घरपरिवार संख्या २०, टि. भि. मात्र ८ र कम्प्यूटर मात्र २० घरपरिवार रहेका छन् ।यस बाट के स्पस्ट हून्छ भने रूद्राक्षबाट प्राप्त आम्दानीबाट अधिकतम घरपरिवारमा टि. भि र कम्प्यूटर को पहुँच भएको देखिन्छ । जसले गर्दा अहिले प्रत्येक सदस्यहरू नविनतम ज्ञान सँग परिचित छन् ।

### ५.१.१.२ रूद्राक्ष खेतीले शैक्षिक क्षेत्रमा पारेको प्रभाव

खाद्यन्न बाली भन्दा नगदे बालीले कम लगानिमा बढि आम्दानी दिने भएकोले यसले महत्वपूर्ण स्थान ओगटेको छ । अध्ययन क्षेत्रका स्थानीय कृषकहरूको जिवनशैलीलाई प्रभाव पार्ने एक प्रमुख पक्ष शिक्षा भएकोले उक्त समाजका घरपरिवारमा रूद्राक्ष खेतीबाट प्राप्त आम्दानीले शिक्षा क्षेत्रमा कस्तो प्रभाव पारेको छ भनि गरिएको सर्वेक्षणमा १०० घरधुरिबाट निकालिएको विवरण तल तालिकामा देखाइएको छ । यहाँ नियमित विद्यालय पठाउने लाई सामान्य प्रभाव, नियमित विद्यालय पठाउने र आवश्यक सामग्री जुटाउने लाई मध्यम, नियमित विद्यालय पठाउने, सामग्री जुटाउने र शैक्षिक उपलब्धि राम्रो भएका लाई राम्रो र माथिका सूचाङ्क सहित कोचिङ, ट्यूसन को पहुँच भएका लाई अति राम्रो मा विभाजन गरी राखिएको छ ।

तालिका नं. १४

रूद्राक्ष खेतीले शिक्षा क्षेत्रमा पारेको प्रभाव

| क्र.सं. | प्रभाव | घरधुरि | प्रतिशत |
|---|---|---|---|
| १ | सामान्य | १३ | १३ |
| २ | मध्यम | ४० | ४० |
| ३ | राम्रो | १७ | १७ |
| ४ | अति राम्रो | ३० | ३० |
| जम्मा | | १०० | १०० |

स्रोत : स्थलगत सर्वेक्षण, २०७२

माथिको तालिकाको अध्ययनबाट के स्पस्ट हुन्छ भने उक्त अध्ययन क्षेत्रमा रूद्राक्ष खेतीबाट प्राप्त आम्दानीबाट शिक्षाँको क्षेत्रमा आफ्ना बालबच्चालाई साथै आँफु पनि संलग्न हुन सफल भएको र समाज शिक्षित हुदै गएको कुरा लक्षित समुह छलफलबाट पनि प्प्राप्त भएको छ ।

तालिका नं. १५

स्थानीय किसानका बालबच्चाको अवस्था २०७२

| क्र.सं. | विवरण | छात्र | छात्रा | जम्मा | प्रतिशत |
|---|---|---|---|---|---|
| १ | निजि | २६ | ३७ | ६३ | ६७ |
| २ | सरकारी | २२ | ९ | ३१ | ३३ |
| जम्मा | | ४८ | ४६ | ९४ | १०० |

स्रोत : स्थलगत सर्वेक्षण, २०७२

माथिको तालिका नं. १५, त्यस अध्ययन क्षेत्रका अविभावकबाट प्राप्त विवरण हो । यस विवरणले के देखाउछ भने त्यस क्षेत्रका ६७ प्रतिशत वालबालीकाहरू अहिले नीजि

विद्यालयमा अध्ययनरत छन् भने ३३ प्रतिशत वालबालीकाहरू सामुदायिक विद्यालयमा अध्ययनरत छन् । यस विवरणले रूद्राक्ष खेतीबाट प्राप्त आम्दानी बालबच्चाको शिक्षा दिक्षाको लागि अधिकतम उपयोग गर्ने प्रचलन रहेको सामाजिक अवस्था देखिन्छ ।

### ५.१.१.३ यस क्षेत्रका विद्यालयमा विद्यार्थिहरूको भर्नादर

यस अध्ययनका लागि मुख्य जानकार व्यक्तिहरूसँग भएको छलफलमा संस्थागत सामुदायिक विद्यालयका शिक्षकहरू सँग छलफल गरी प्राप्त विवरणलाई तल तालिकामा प्रस्तुत गरिएको छ ।

तालिका नं. १६

विद्यालयको विद्यार्थिको अवस्था, २०७२

| क.सं. | शै. सत्र | भर्ना भएका औषत विद्यार्थि सं. | |
|---|---|---|---|
| | | सामुदायिक विद्यालय | संस्थागत विद्यालय |
| १ | २०७० | ३७१ | ४५६ |
| २ | २०७१ | ३४५ | ५०९ |
| ३ | २०७२ | २९८ | ५१५ |

स्रोत : स्थलगत सर्वेक्षण, २०७२

यसरि माथिका तालिका नं. १६ बाट हेर्दा रूद्राक्ष खेतिबाट आम्दानी गर्ने घरपरिवारले प्राय संस्थागत विद्यालयमा विद्यार्थि पठाउने भएकोले दिनप्रतिदिन संस्थागत विद्यालयमा भर्नादर वृद्धि भइरहेको छ भने सामुदायिक विद्यालयमा भर्नादर घट्दै गइरहेको स्थिति छ ।

### ५.१.१.४ रूद्राक्ष खेतीमा संलग्न र असंलग्न कृषकका बालबच्चाको अवस्था

यस अध्ययनमा गरिएको सर्वेक्षण सानो नमुनाका रूपमा गरिएको थियो । संस्थागत र सामुदायिक विद्यालयका शिक्षकहरू सँग गरिएको छलफल बाट यो निष्कर्ष प्राप्त भयो कि रूद्राक्ष खेतीमा संलग्न परिवारकै बालबच्चाको पढाई तुलनात्मक रूपमा राम्रो छ । किन ? भनि गरिएको छलफलबाट रूद्राक्ष खेतीवालाका बालबच्चालाई पढ्नका लागि समय प्रसस्त भएको, आवश्यक स्रोत सामग्रि जुटाउन सहज भएको र ट्यूसन कक्षा, कोचिङ् कक्षामा निरन्तर पहूँच हूने भएकोले तिनिहरूको शैक्षिक स्तर पनि राम्रो भएको बताएका थिए । त्यस्तै खाद्यन्न खेती मा मात्र निर्भर हुनेका बालबच्चाहरूको अध्ययनका लागि पर्याप्त समय नहुने, आवश्यक शैक्षिक सामग्री जुटाउन नसक्ने र ट्युसन कक्षा, कोचिङ् कक्षाका लागि आर्थिक समस्या पर्ने कुरा बताएका थिए ।

### ५.१.२ स्थानीय कृषकहरूको सामाजिक क्षेत्रमा भएको लगानी

यस अध्ययनमा स्थानीय रूद्राक्ष कृषकहरूले गरेको आम्दानिबाट समाजका विभिन्न निकायहरूमा गरेको लगानी साथै समाज विकासका कार्यक्रममा भएको संलग्नता साथै सामाजिक प्रतिष्ठामा भएको परिवर्तन सम्वन्धमा गरिएको सर्वेक्षणबाट प्राप्त तथ्याङकहरूलाई तालिकाबद्ध रूपमा प्रस्तुत गरिएको छ । स्थानीय कृषकहरूले सामाजिक संस्था विद्यालय, संघ संस्थाहरू, स्थानीय क्लव आदिमा के कस्तो संलग्नता रहेको छ भनि अध्ययन क्षेत्रमा बवलोकन, अन्तर्वार्ता, लक्षित समुह छलफल साथै मुख्य जानकार व्यक्तिहरू सँग गरिएको अन्तर्वार्ताबाट प्राप्त विवरण तल प्रस्तुत गरिएको छ ।

### ५.१.२.१ स्थानीय कृषकहरूको विभिन्न संघ संस्थामा भएको लगानिको विवरण :

कुनै पनि क्षेत्रको सामाजिक रहनसहनको अवस्था त्यस क्षेत्रका सदस्यबाट भएको आर्थिक, भौतिक साथै नैतिक लगानिबाट प्रत्यक्ष प्रभाव पर्ने हुदा यस अध्ययन क्षेत्रका

कृषकहरूले रूद्राक्ष खेतीबाट आम्दानी बढ्न थाले पछी आफ्ना समाजका संघ संस्थाहरूमा गरेको लगानिको विवरण तल तालिकामा प्रस्तुत गरिएको छ ।

### तालिका नं. १७

### स्थानीय किसानहरूको विभिन्न संघ संस्थामा भएको आर्थिक योगदान

| क्र. सं. | संस्थाहरू | लगानीकर्ताको संख्या | प्रतिशत |
|---|---|---|---|
| १ | विद्यालय | ९८ | ९८ |
| २ | यूवा क्लव | ७५ | ७५ |
| ३ | महिला सञ्जाल | ५७ | ५७ |
| ४ | बाल क्लव | ८७ | ८७ |
| ५ | धार्मिक संस्था | ३१ | ३१ |

स्रोत : स्थलगत सर्वेक्षण, २०७२

माथिको तालिका बाट यस क्षेत्रका ९८ प्रतिशत कृषकहरूले सामुदायिक विद्यालयको भौतिक निर्माण, छात्र वृत्तिका क्षेत्रका लागि लगानि गरेको, ७५ प्रतिशत घरपरिवारले यूवा क्लवमा विभिन्न खेलकुद कार्यक्रम र सांस्कृतिक कार्यक्रमका लागि चन्दा मार्फत, ५७ प्रतिशतले महिला सञ्जालमा देउसी भैलो कार्यक्रम मार्फत महिला सचेतना सम्वन्धि कार्यक्रमका लागि, ८७ प्रतिशतले बाल क्लवमा बालबालिका सम्वन्धि कार्यक्रम सञ्चालन गर्नका लागि चन्दा स्वरूप र ३१ प्रतिशतले धार्मिक संस्थामा मन्दिर बनाउनका लागि लगानी गरेको पाइयो । यस बाट के स्पस्ट हुन्छ भने जब त्यस क्षेत्रका कृषकहरू रूद्राक्ष खेती बाट आर्थिक रूपमा सम्पन्न हुदै गए तव उनिहरूको लगानी समाजका विभिन्न संघ संस्थाहरूमा हुदै जानुले समाजमा विभिन्न संघसंस्थाहरूमा त्यस क्षेत्रका कृषकहरूको अपनत्वको विकास हुनु हो । जसले गर्दा समाज विकासमा सवैको समान सहयोग रहेको देखिन्छ ।

### ५.१.२.२ त्यस समाजका भौतिक पूर्वधारको अवस्था

यस अध्ययनमा विभिन्न क्षेत्रमा कृषकहरूबाट भएको लगानिले गर्दा सरकारसँग साझेदारी रूपमा लगानी गरी समाजमा पर्याप्त रूपमा विकासका पुर्वाधारहरूको अवस्था के कस्तो छ भनि गरिएको सर्वेक्षणबाट प्राप्त विवरण तल तालिकामा प्रस्तुत गरिएको छ ।

तालिका नं. १८

विकासका पुर्वधारहरूको अवस्था

| क्र. सं. | पुर्वाधारहरू | राम्रो | सन्तोषजनक | अपर्याप्तता |
|---|---|---|---|---|
| १ | विद्यालय | ६० घरपरिवार | ३० घरपरिवार | १० घरपरिवार |
| २ | खानेपानी | ५७ घरपरिवार | २१ घरपरिवार | २२ घरपरिवार |
| ३ | सडक | ७२ घरपरिवार | ८ घरपरिवार | २० घरपरिवार |
| ४ | युवा क्लव | ४१ घरपरिवार | ५३ घरपरिवार | १६ घरपरिवार |

स्रोत : स्थलगत सर्वेक्षण, २०७२

माथिको तालिकाबाट यस क्षेत्रका विकासका पुर्वाधारहरूको विकास भएको महसुस गर्ने अधिकतम घरपरिवारहरू देखिएको छ । केहि घरपरिवार अझै पनि विकासको पहुँचमा पुग्न नसकिएको देखिन्छ ।

### ५.२ रूद्राक्ष खेतीमा देखिएका समस्या तथा समाधानका उपायहरू

यस अध्ययन अन्तर्गत रूद्राक्ष खेती गर्दा देखा परेका समस्याहरू साथै ति समस्याहरूलाई समाधान गर्ने संभावित उपायहरूको  उल्लेख गरिएको छ ।

### ५.२.१ रूद्राक्ष खेती प्रणालीमा देखिएका मुख्य समस्याहरू

यस अध्ययन क्षेत्रमा उत्पादन हुने प्रमुख नगदे बाली रूद्राक्ष खेती मा समस्याहरू धेरै रहेका छन् ।यस क्षेत्रका कृषकहरूले नगदेबाली रूद्राक्ष खेती बाट धेरे लाभ प्राप्त गरे

पनि अझ फाइदा लिनका लागि धेरै समस्याहरू रहेका छन् । ति समस्या हरूलाई निम्नानुसार तालिकामा प्रस्तुत गरिएको छ ।

तालिका नं. १९

रूद्राक्ष खेतीमा देखिएका मुख्य समस्याहरू

| क्र.सं. | समस्या | घरधुरी संख्या | प्रतिशत |
|---|---|---|---|
| १ | उचित बजार व्यवस्थापनको अभाब | ७ | ७ |
| २ | गुणस्तरिय विरूवा तथा किटनाशक औषधिको | ३३ | ३३ |
| ३ | कृषि तालिमको अभाव | ७ | ७ |
| ४ | निश्चीत स्थिर मूल्यको अभाव | ४७ | ४७ |
| ५ | कृषि ऋणको अभाव | ६ | ६ |
| जम्मा | | १०० | १०० |

स्रोत : स्थलगत सर्वेक्षण, २०७२

तालिका नं. १९ अनुसार अध्ययन क्षेत्रमा रूद्राक्ष खेती प्रणालीमा सवै भन्दा ठूलो समस्याको रूपमा व्यपारीहरूबाट स्थिर मूल्यको अभाब रहेको छ । अध्ययन क्षेत्रका स्थानीय कृषकहरूबाट गरिएको सर्वेक्षण बाट यस विवरण अनुसार ४७ प्रतिशत घरधुरिले आफुले चाहे जस्तो मूल्य अर्थात स्थिर मूल्य नभएको बताएका थिए । त्यस्तै ३३ प्रतिशत घरधुरिले गुणस्तरिय विरूवा र किट्नाशक औसधिको अभाब रहेको बताएका थिए । उचित बजार व्यवस्थापनको अभाव र कृषि तालिमको अभाव को जबाफ दिने घरपरिवार बराबर ७ प्रतिशत रहेको थियो भने ६ प्रतिशत घरपरिवारले कृषि ऋणको अभाव रहेको वताएका थिए । यि समस्याहरू आउनुका कारणहरू के हुन सक्छन् भनि स्थानीय किसानहरूको धारणा बुज्दा न कुनै रूद्राक्ष व्यपारी न कुनै रूद्राक्ष व्यवसायि यिनीहरू विचमा कुनै हितका लागि स्थानीय स्तरमा सँगठित नहुनुले अर्थात सामुहिक रूपमा अघि नबढ्नुले यि समस्याहरू आएको हो ।

### ५.२.२ रूद्राक्ष खेती प्रणालीमा देखिएका समस्याहरू समाधान गर्ने  उपायहरू

अध्ययन क्षेत्रमा प्रमुख नगदेबाली रूद्राक्ष खेतीमा संलग्न किसानहरूलाई गरिएको सर्वेक्षण बाट प्राप्त समस्या समाधानका उपायहरू तल प्रस्तुत गरिएको छ । उनीहरूको धारणा बुझ्दा माथि आएका समस्याहरू समाधान गर्न उचित बजारको व्यवस्थापन यानिकि उत्पादन क्षेत्रमै भण्डारण हुने गरी सहि अर्थात समान मूल्य निर्धारण गरी बजारको व्यवस्थापन हुनुपर्दछ । त्यस्तै कृषि कार्यलयबाट रूद्राक्ष रोप्ने मात्र नभएर यसको विकास, अनुकुल वातावरण, टिप्ने तरीका, खोल्ने तरीका का बारेमा तालिम सम्पूर्ण कृषकहरूलाई दिइनु पर्दछ । त्यस्तै कमजोर आर्थिक अवस्था भएका किसानहरूलाई सस्तो व्याजमा सरकारी स्तरबाट ऋण सर्वशुलभ हुनुपर्ने जस्ता धारणाहरू आएका थिए ।

**तालिका नं. २०**

**रूद्राक्ष खेतिमा देखिएका समस्या समाधानका उपायहरू**

| क्र.सं. | समस्या | घरधुरी संख्या | प्रतिशत |
|---|---|---|---|
| १ | उचित बजार व्यवस्थापन हुनु पर्ने | २० | २० |
| २ | सरकारि स्तरबाट विरूवा, मल र औषधि | ६ | ६ |
| ३ | कृषकलाई तालिमको व्यवस्था हुनुपर्ने | ७ | ७ |
| ४ | रूद्राक्ष मूल्य निश्चित हुनुपर्ने | ६० | ६० |
| ५ | कृषि ऋण सर्वशुलभ हुनुपर्ने | ७ | ७ |
| जम्मा | | १०० | १०० |

स्रोत : स्थलगत सर्वेक्षण, २०७२

तालिका नं. २२ का आधारमा १०० घरधुरिमा गरिएको सर्वेक्षणबाट आएको सुझावलाई विष्लेशण गर्दा सवै भन्दा बढि घरपरिवारले रूद्राक्षको मूल्य निश्चित हुनुपर्ने कुरामा जोड दिए । बास्तवमा रूद्राक्षको मूल्य स्थिर नहुदा त्यस क्षेत्रका

कृषकहरूलाई उत्पादित रूद्राक्ष कतीमा विक्रि गर्ने भन्ने कुरा अन्योल भई सस्तो मूल्यमा बेचेर ठगिएको अवस्थाले गर्दा रूद्राक्षको मूल्य स्थिर हुनुपर्ने सुझाव प्राथमिकतामा रहेको छ ।

उचित बजार व्यवस्थापन हुनुपर्ने कुरा दोस्रो सुझावका रूपमा रहेको छ । जसमा २० प्रतिशत कृषकको सुझाव रहेको छ । कृषकको खेती प्रणालीमा संस्थागत ऋणको पनि महत्वपुर्ण भुमिका रहेको हुन्छ । साहु महाजनहरूले गाँउले किसानहरूबाट चर्को ब्याज लिने हुँदा कम ब्याजदरमा संस्थागत ऋण पाउनु पर्छ भन्ने किसानहरू ७ प्रतिशतले सुझाव दिएका छन् । त्यस्तै सरकारी स्तरबाट निशुल्क किटनासक औषधी र वेर्नाहरू उपलब्ध हुनुपर्छ भन्ने सुझाव ६ प्रतिशत किसानहरूले दिएका छन् । अध्ययन क्षेत्रका किसानहरूले स्थिर मूल्य हुनु पर्छ भनेर सुझाव दिने सवै भन्दा धेरै ६० प्रतिशत छन् भने ७ प्रतिशत किसानहरूले स्थानीय कृषकहरूलाई कृषि तालिम दिनुपर्छ भन्ने सुझाव दिएका थिए ।

### ५.२.३ रूद्राक्ष व्यपारी को कुरा

यस अध्ययनका लागि मूख्य जानकार व्यक्तिहरू सँग को कुराकानी बाट प्राप्त नतिजा अनुसार रूद्राक्ष व्यापारमा देखिएका समस्याका वारेमा व्यापारीहरूका गुनासो तल बुँदागत रूपमा राखिएको छ ।

**व्यापारमा देखिएका समस्याहरूः**

- रूद्राक्ष भन्डारण को समस्या
- आफ्नो पहुँचमा बजार नहुनु
- चाइनिजहरू सँग प्रतिस्प्रर्धा गर्नु पर्ने
- राज्यबाट कुनै सुरक्षाको प्रत्याभूती नहुनु
- ठूलो घाटा आफै बेहोर्नु पर्ने

माथिका बुदाहरूको आधारमा रूद्राक्ष व्यापारीहरूले सहज रूपमा व्यपार गर्न नसक्नु का पछाडी धेरै कुराहरू भएको जानकारी भएको छ । यि समस्या समाधान गर्न कसरी

सकिन्छ भनि गरिएको छलफलबाट प्राप्त नतिजालाई तल बुदागत रूपमा राखीएको छ ।

- राज्यले रूद्राक्ष भन्डारणको व्यवस्था गरिदिनु पर्ने
- रूद्राक्ष उत्पादन क्षेत्रमै राम्रो व्यापारीक केन्द्रको स्थापना गरिनु पर्ने
- विदेशीलाई निस्चित मापदण्ड बनाएर मात्र नेपालमा आएर व्यापार गर्न दिनु पर्ने
- रूद्राक्ष व्यापार ठूलो धन राशिको भएको कारण यसको व्यापार राज्यको संलग्नतामा गर्न पाए सहज हुने

यसरि हेर्दा रूद्राक्ष व्यपार मा राज्यको संलग्नता हुनपर्ने नै मुख्य सुझाव आएको थियो । जस अन्तर्गत रूद्राक्ष व्यापारमा सरकारी कर उठाएर सुरक्षित व्यापामा सहयोग गर्ने, गाउँ गाउँमा सुरक्षित भण्डारणको व्यवस्था मिलाउने र विदेशि हरूलाई व्यापारका लागि छुट्टै व्यापारीक केन्द्रको व्यवस्था  मिलाउनु पर्ने खालका सुझाव आएका थिए ।

### ५.२.४ रूद्राक्ष खेतीप्रति कृषि कार्यलयको धारणा

यस अध्ययन क्षेत्र षडानन्द नगरपालिका कृषि कार्यलयका प्रतिनिधि सँग गरिएको छलफलबाट प्राप्त विवरणहरू यस अध्ययनमा राखिएको छ । उक्त छलफलमा यस क्षेत्रका रूद्राक्ष खेतीमा संलग्न कृषकहरूलाई कृषि कार्यलयबाट के कसरि सहयोग भएको छ भनी गरिएको अन्तरकृया बाट प्राप्त नतिजा तल बुँदागत रूपमा प्रस्तुत गरिएको छ ।

रूद्राक्ष खेतीका लागि कृषि कार्यलयबाट भएका प्रयासहरू:

- २०७१ साल देखि प्रत्येक बर्ष ५ हजार बेर्ना तयार गरी कृषकहरूलाई सस्तो मूल्यमा वितरण गर्दै आएको
- व्यापारी हरूलाई सुरक्षा होस भन्ने हेतुले स्थानीय निकाय सँग सहजिकरण गरी इजाजत पत्रको व्यव्स्था गरिएको

- वेर्ना लिन आएका किसानहरूलाई सामान्य कृषि प्रणाली बारे जानकारी गराउने गरेको

यसरी हेर्दा कृषि कार्यलयबाट सामान्य सहयोग हुने गरेको र आगामि दिनहरूमा यसलाई व्यवस्थित गराउदै जाने कुराको जानकारी भएको छ ।

# अध्याय : छ

# सारांश, निष्कर्ष र सुझावहरू

यस अध्ययनमा प्राप्त भएका तथ्याङ्कको आधारमा प्राप्ती र सारांश, निष्कर्ष तथा अध्ययनका क्षेत्रमा देखा परेका समस्या समाधानका लागि सुझावहरू प्रस्तुत गरीएको छ ।

## ६.१ सारांश

हाम्रो देशको प्रमुख अर्थतन्त्रको स्रोतका रूपमा कृषि रहेको र देशको राजनिति, संस्कृती अर्थात सामाजिक क्षेत्रलाई प्रभाव पार्ने प्रमुख तत्व अर्थनै रहेको कुरामा दुबिधा छैन । समाजको रहनसहन, चालचलन, शिक्षाको गुणस्तर आदि सामाजिक क्रियाकलापलाई त्यस क्षेत्रको आर्थिका क्रियाकलापले प्रत्यक्ष प्रभाव पारी सम्पूर्ण देशकै विकासमा यसको प्रभाव देखिने हुनाले यस विषयको समाज शास्त्रिय अध्ययन गरिएको छ ।

हाम्रो देश कृषि प्रधान देश भएकोले अधिकांस जनताहरू कृषिमा आश्रित रहेका छन् ।यस अध्ययन क्षेत्रका अधिकांस जनताहरूको मुख्य पेशा कृषिनै भएकोले कृषि वाली अन्तर्गत खाद्यान्न वाली भन्दा नगदे वाली अर्थात रूद्राक्ष खेतीबाट किसानहरूले बढि आम्दानी गरेका छन् । त्यस कारण रूद्राक्ष खेतीका बारेमा यथार्तता पत्ता लगाउन यो अध्ययन गरीएको हो । यसै सन्दर्भमा हावा पानी र भौगोलिक विभिधताले गर्दा नेपालका विभिन्न भुभागहरूमा रूद्राक्ष खेतीका लागि उपयुक्त वातावरण भएता पनि दिङ्ला क्षेत्र मा यसको व्यापकता र उद्‌गम स्थल पनि भएकोले यस क्षेत्रलाई अध्ययन क्षेत्र बनाइएको हो । दिङ्ला जस्तै राज्यले खोजि गरी विभिन्न क्षेत्रमा रूद्राक्ष खेतीलाई विस्तार र विकास गर्न सके ग्रामिण वेरोजगारी कम भई आर्थिक स्थितिमा सुधार आउने साथै सामाजिक परीवर्तनमा प्रत्यक्ष असर पार्ने थियो ।

रूद्राक्ष खेतीले स्थानीय किसानहरूको आर्थिक र सामाजिक क्षेत्रमा पारेको प्रभाव : को एक समाजशास्त्रिय अध्ययन षडानन्द नगरपालिका, दिङ्ला, भोजपुर शिर्षकमा यो अध्ययन सम्पन्न गरीएको छ । यस अध्ययनको प्रमुख उद्देश्यहरूमा रूद्राक्ष खेतीले स्थानीय किसानहरूको आर्थिक क्षेत्रमा पारेको प्रभाव पत्ता लगाउनु, सामाजिक क्षेत्रमा पारेको प्रभाव पत्ता लगाउनु र रूद्राक्ष खेतीमा देखिएका समस्याहरू र समाधानका सम्भावित उपायहरू पत्ता लगाउनु रहेको थियो ।

यस अध्ययनका भोजपुर जिल्ला षडानन्द नगरपालिका अन्तर्गत पर्ने १० वटा वडाहरू मध्ये वडा नं. २, ३ र ४ लाई उद्देश्यमुलक नमुना छनोट विधिका आधारमा छनोट गरी अनुसन्धान गरिएको थियो । वडा नं. २, ३ र ४ का सम्पूर्ण ७१७ घरपरिवारका २,७१५ जनसङ्ख्याहरू समग्रताका रूपमा लिइएको थियो भने अध्ययनको इकाई ४०२ घरधुरीबाट नमुनाका रूपमा जम्मा १०० घरधुरी रूद्राक्ष खेतीमा संलग्न किसानहरूलाई छनोट गरिएको थियो जुन २४.८ प्रतिशत हुन आउछ ।

त्यस्तै यस अध्ययन मा अध्ययन विधिका साधनका रूपमा अन्तर्वार्ता, लक्षित समूह छलफल र मुख्य जानकार व्यक्तिहरूसँगको अन्तर्वार्ता रहेको थियो भने तथ्याङ्क विश्लेषण तथा प्रस्तुतीकरण सरल र स्पष्ट भाषामा गुणात्मक र मात्रात्मक दुवै विश्लेशण बिधिको प्रयोग गरीएको छ ।

रूद्राक्ष खेती र अन्न वाली बाट एक मुष्ट बचत गर्ने घरपरिवार सङ्ख्यामा १६ प्रतिशतले ५० हजार सम्म बचत गरेको, ३४ प्रतिशतले १ लाख सम्म बचत गर्ने गरेको त्यस्तै ३० प्रतिशतले २ लाख सम्म र २० प्रतिशत घरपरिवारले २ लाख भन्दा बढि बचत गर्ने गरेको देखिन्छ । यसरि तुलना गरेर हेर्दा सवै भन्दा ठुलो समूहले वार्षिक १ लाख बचत गरेको छ । उनिहरूको ५ बर्ष अगाडीको अवस्था अर्थात रूद्राक्ष खेतीमा संलग्न नहुदा ७० प्रतिशत घरपरिवारलाई आफ्नो खेतीबाट बर्ष भरी खान नपुग्ने अवस्था थियो । जब स्थानीय किसानहरू रूद्राक्ष खेतीमा संलग्न हुदै गए निरन्तर रूपमा आर्थिक रूपमा सक्षम हुदै गएका छन् । २०७२ सालको अवस्था अनुसार रूद्राक्ष उत्पादन बाट स्थानीय किसानहरू मध्ये ३० प्रतिशतले वार्षिक रू १

लाख सम्म, ३५ प्रतिशतले रू २ लाख सम्म, २० प्रतिशतले रू ३ लाख सम्म र १५ प्रतिशत स्थानीय किसानहरूले वार्षिक रू ३ लाख भन्दा माथि आयआर्जन गरेका छन् । त्यस्तै रूद्राक्ष खेतीमा संलग्न स्थानीय किसानहरूले आफुले गरेको बचतबाट विभिन्न सरसामन तथा जग्गा जोडेका छन् जसले गर्दा सामाजिक परिवर्तन पनि भएको छ । जस्तै २५ प्रतिशत घरपरीवारले गरगहना जोडेका, ३५ प्रतिशतले घरजग्गा खरिद, २५ प्रतिशतले घर बनाएका र १५ प्रतिशतले सवारी साधन जोडेका छन् । यसले स्थनिय किसानहरूको आर्थिक तथा सामाजिक क्षेत्रमा सकरात्मक प्रभाव पारेको छ । यसै सर्वेक्षणमा के पनि देखिएको छ भने त्यस अध्ययन क्षेत्रमा खाद्यन्न बालीमा मात्र निर्भर हुनेले वार्षिक औषत रूपमा १ रोपनीमा २,७०८.३३ रूपैंया बराबरको आम्दानी गर्न सक्छन् भने रूद्राक्ष खेती अर्थात नगदे बालीमा निर्भर हुनेले औषत रूपमा वार्षिक १ रोपनी जग्गामा १३,३३३.३३ रूपैंया बराबरको आम्दानी गर्छ । यसले पनि स्थानीय किसानहरू खाद्यन्न बाली भन्दा नगदे बाली तर्फ आकर्षित छन् ।

स्थानीय किसानहरूको आम्दानि बढ्दै गएपछि ५८ प्रतिशत किसानहरूको घरमा टि. भि. रहेको छ भने २७ प्रतिशत घरपरीवारमा कम्प्यूटरको पहुँच पुगिसकेको छ । रूद्राक्ष खेतीबाट आम्दानी बढे पछि आफ्ना बालबच्चाको पढाई प्रति पनि अविभावकहरू जिम्मेवार भएका छन् । उक्त अध्ययन क्षेत्रका ६७ प्रतिशत बालबालिकाहरू निजि विद्यालयमा अध्ययन गर्नु, निजि विद्यालयमा औषत विद्यार्थि भर्ना बढ्दै जानुले रूद्राक्ष खेतीबाट समाजको शैक्षिक क्षेत्रमा पनि सकरात्मक प्रभाव परेको छ ।

अध्ययन क्षेत्रका कृषकहरूले रूद्राक्ष खेती बाट आम्दनीबाट समाजका विभिन्न क्षेत्रमा जस्तै विद्यालय, यूवा क्लव, महिला सञ्जाल, बालक्लव र धार्मिक संस्थामा लगानी गरेका छन् । भवन निर्माण, छात्रवृत्ति, विभिन्न कार्यक्रमहरूमा लगानि गरेका छन् । यस्ता विभिन्न समाज विकासका क्षेत्रमा स्थानीय निकाय सँग साझेदारी रूपमा लगानी गरी सामाजिक क्षेत्रमा सकरात्मक प्रभाव परेको छ ।

रूद्राक्ष खेतीले स्थानीय किसानहरूको आर्थिक तथा सामाजिक क्षेत्रमा सकारात्मक प्रभाव पारे पनि अझै विभिन्न समस्याहरू झेल्नु परेको छ । सर्वेक्षणका अनुसार ७ प्रतिशत कृषकहरूले उचित बजारको व्यवस्था नभएको, ३३ प्रतिशतले गुणस्तरिय विरूवा तथा किटनाशक औषधिके अभाव, ७ प्रतिशतले कृषि तालिमको अभाव र ४७ प्रतिशतले निश्चीत मूल्यको स्थिरता नभएको बताएका छन् भने समाधानका लागि यसै समस्या सँग सम्वन्धित नै छ ।

## ६.२ निष्कर्षहरू

यस अध्ययनका निष्कर्षहरूलाई निम्न अनुसार बुँदागत रूपमा प्रस्तुत गरीएको छ ।

- जिवन यापन गर्ने क्रममा निर्वाहमुखी कृषि कार्य भन्दा व्यवसायिक नगदे बाली खेती तर्फ आकर्षण बढ्दै गएको छ ।
- नगदेबाली मध्ये सबै भन्दा बढि रूद्राक्ष खेतीबाट आम्दानी भई किसानहरूको जिवनस्तर माथि उठेको हुनाले रूद्राक्ष खेती बढि लोकप्रिय भई व्यवसायिक रूपमा यसको खेती गर्न थालिएको छ ।
- रूद्राक्ष खेतीले गर्दा आय आर्जन बढेर बालबालिकाहरूको पठनपाठनमा सहयोग पुगेको हुनाले सामाजिक क्षेत्रमा पनि सकरात्मक प्रभाव परेको छ ।
- रूद्राक्ष खेतीबाट वर्षेनी आम्दानी बढ्दै गएकोले किसानहरूको आर्थिक स्थितिमा सुधार भएको छ ।
- रूद्राक्ष खेतीबाट आम्दानी बढ्न थालेपछी स्थानीय किसानहरूले समाजका संघ संस्थाहरूमा लगानि गर्ने गरेको, विकासका पुर्वाधारहरूको निर्माणमा लगानी गर्ने गरेकोले सामाजिक अवस्थामा सुधार भएको छ ।
- बदलिदो परिस्थिति अनुसार दैनिक जिवन यापनका साधनहरू जोडेको हुनाले जिवन यापनमा सहज भएको छ ।

- रूद्राक्षबाट आम्दानी गर्नेहरूले निजि विद्यालयमा तर आम्दानी नगर्नेले सामुदायिक विद्यालयमा भर्ना गरेको पाइयो । जसले गर्दा दिर्घकालिन रूपमा वर्गिय विभेद समाजमा उदाउने खतरा देखिन्छ ।

- रूद्राक्ष खेती गर्दा स्थानीय किसानहरूले विभिन्न समस्याहरू भोग्नु परेको जस मध्ये प्रमुख समस्याहरू वास्तविक मूल्य को जानकारी नहुनु, बजार व्यवस्थापन राम्रो नहुनु, गुणस्तरिय विरूवा र किट्नाशक औषधीको अभाव, शित भण्डारणको अभाव, कृषि तालिमको अभाव आदि रहेका छन् ।

- यसरि रूद्राक्ष खेतीबाट समाजमा आर्थिक तथा सामाजिक सवलताबाट व्यक्तिगत तथा पारीवारीक जीवन स्तरमा सकरात्मक प्रभाव देखिन्छ ।

### ६.३ सुझावहरू

अध्ययन क्षेत्रमा उत्पादन हुने प्रमुख नगदेबाली रूद्राक्ष खेतीले स्थानीय किसानहरूको आर्थिक क्षेत्रमा महत्वपुर्ण भुमिका निर्वाह गरेको छ । स्थानीय किसानहरूको आर्थिक स्तर वृद्धि भई तिनिहरूको सामाजिक क्षेत्रमा समेत परिवर्तन ल्याएको छ । त्यसैले अध्ययन क्षेत्रका किसानहरूलाई निम्न अनुसारका सुझावहरू प्रस्तुत गरिएको छ ।

#### ६.३.१ नीति सम्बन्धी सुझावहरू

✓ खद्यान्न वाली भन्दा रूद्राक्ष खेतीबाट धेरै आम्दानी हुने भएकोले यसलाई विस्तार गरिनु पर्दछ ।

✓ आर्थिक विकासलेनै अन्य क्षेत्रको सकरात्मक विकास गर्न सम्भव भएकोले आर्थिक विकासमा जोड दिइनु पर्दछ ।

✓ कृषि विकास कार्यलयबाट किसानहरूलाई कृषि तालिमको व्यवस्था गरिनुपर्दछ ।

✓ कृषि सामग्री खरिद गर्दा कृषकहरूलाई सरकारी अनुदान सहुलियत दिनुपर्दछ ।

- ✓ किट्नाशक औषधी कृषि कार्यलय अथवा कृषि सहकारी मार्फत समयमानै उपलब्ध गराउनुपर्दछ ।
- ✓ राज्यले रूद्राक्ष खेतीलाई विस्तार गर्ने योजना बनाई उत्पादित रूद्राक्षको निर्यात, बजार व्यवस्थापन, निश्चित मूल्य कायम गरिनुपर्दछ ।
- ✓ सबै किसानहरूको पहुँचमा पुग्ने गरी कृषी वन कार्यलयले निःशुल्क विरूवा बितरण गर्नुपर्दछ ।

### ६.३.२ प्रयोगात्मक क्षेत्रसँग सम्बन्धित सुझावहरू

- ✓ स्थानीय किसानहरूले आफ्नै पहलमा भए पनि कृषि तालिम लिनपर्दछ ।
- ✓ बजार व्यवस्थापन गर्दा उत्पादित क्षेत्रमै अन्तर्राष्ट्रिय स्तरको बजारको व्यवस्था गरी बढि भन्दा बढि लाभ आर्जन गर्नुपर्दछ ।
- ✓ यसबाट प्राप्त आम्दानीबाट समाज विकासका लागि केहि रकम बर्षेनी छुट्याउनु पर्दछ ।
- ✓ नयाँ नयाँ विकसित जातका विरूवाहरूको खोजि गरी लगाउनु पर्दछ ।

### ६.३.३ आगामी अनुसन्धानसँग सम्बन्धित सुझावहरू

- ✓ यस अध्ययनमा रूद्राक्ष खेतीको मात्र अध्ययन गरीएको छ । यो बाहेक अन्य खेतीसँग सम्बन्धित अध्ययन गर्न सकिनेछ ।
- ✓ षडानन्द नगरपालिकाको रूद्राक्ष खेती अन्य ठाँउको रूद्राक्ष खेतीको बारेमा तुलना गर्न सकिन्छ ।
- ✓ रूद्राक्ष उत्पादनले देशको राष्ट्रिय आयमा पारेको प्रभावको अध्ययन गर्न सकिन्छ ।

## सन्दर्भ सामग्री सूची


अधिकारी, गंगा (२०७०), *रूद्राक्ष खेतीको उत्पति र विकास,* काठमाडौं : उषा रूद्राक्ष भन्डार ।

आचार्य, चेतराज (२०६६), *व्यवसायिक कृषि खेतीबाट किसानहरूको आर्थिक सामाजिक क्षेत्रमा पारेको प्रभाव, मौजा गा. वि. स., कास्की,* अप्रकाशित शोधपत्र, समाजशास्त्र/मानवशास्त्र विभाग, पृथ्वीनारायण क्याम्पस, पोखरा ।

आर्थिक सर्वेक्षण (२०६९/७०), *नेपाल सरकार,* अर्थ मन्त्रालय, लखक ।

खाँदवारी डटकम (२०७१/१२/३०), *रूद्राक्षको महत्व ।* (kadbari.com )

गौतम, टिकाराम (२०६९), *सामाजिक अनुसन्धान पद्धति,* काठमाडौं : विद्यार्थी पुस्तक भण्डार ।

गौतम, टीकाराम २०६०, *सामाजिक संस्था र प्रक्रियाको विश्लेषण,* काठमाडौ : विद्यार्थी पुस्तक भण्डार ।

घिमिरे, सागरमणि (२०६३), *प्रमुख नगदेवाली र खाद्यान्न वालीले स्थानीय जिविकोपार्जनमा पारेको आर्थिक प्रभाव,* अप्रकाशित शोधपत्र, अर्थशास्त्र केन्द्रीय विभाग, त्रि. वि. कीर्तिपुर ।

चालिसे, पुष्पराज, २०५८, *नेपालको इतिहास र सभ्यता,* काठमाडौ : रत्नपुस्तक भण्डार ।

चौलागाई, केदार (२०६८), *नेपालमा रूद्राक्ष खेती, काठमाडौं : उशा रूद्राक्ष भण्डार ।*

जिल्ला कृषि कार्यलय, भोजपुर (२०७२), *(district profile, Bhojpur)*

तिम्सिना, सुवास (२०७१), *अलैची खेतीमा संलग्न किसानहरूको आर्थिक अवस्था र तिनीहरूको बालबालिकाको शैक्षिक अवस्था, सोल्मा गा.वि.स.,* तेह्रथुम, अप्रकाशित, एम.एड., शोधपत्र, शिक्षा शात्र केन्द्रीय विभाग, त्रि.वि. कीर्तिपुर ।

दाहाल, तेजबहादुर (२०७१), *नगदेवालीमा संलग्न कृषकहरूको आर्थिक तथा शैक्षिक क्षेत्रमा पारेको प्रभाव, संखुवासभा, चैनपुर नगरपालिका,* शोधपत्र, अर्थशास्त्र केन्द्रीय विभाग, त्रि.वि., कीर्तिपुर ।

दाहाल, पेशल र खतिवडा, सोमप्रसाद, २०५८, *नेपाली समाज र संस्कृतिको परिचय, भोटाहिटी,* काठमाडौं : एम. के. पब्लिशर्स एण्ड डिस्ट्रीव्युटर्स ।

भट्टराई, देवकुमारी (२०६८), *अलैचि खेतीले स्थानीय जनताको जीवन स्तरमा पारेको प्रभाव,* शोधपत्र, सोल्मा, तेह्रथुम,मानवशास्त्र/समाजशास्त्र केन्द्रीय विभाग, त्रि.वि ।

योगी, योगेन्द्र (२०७१), *व्यवसाय बन्दै रूद्राक्ष खेती : १२ कार्तिक २०७१, कान्तिपुर ।*

रूद्राक्ष ब्यावसायि संघ, नेपाल (२०७१), *रूद्राक्ष माला,* काठमाडौं : उषा प्रकाशन ।

षडानन्द समाज सेवा समिति,(२०६५), *स्मारिका,* विराटनगर : विराट प्रकाशन ।

सुवेदी विष्णु, २०६५, *नेपालको राष्ट्रिय नीतिहरूको विश्लेषणात्मक संहिताकरण,* काठमाडौं : पैरवी प्रकाशन ।

## अनुसूची एक

## प्रश्नावली

### उद्देश्य अनुरूपका प्रश्नहरू

**उद्देश्य १.** रद्राक्ष खेतिमा संलग्न कृषकहरूको आर्थिक अवस्थाको अध्ययन गर्नु ।

**निम्न प्रश्नहरूको उत्तर दिनु भई सहयोग गरिदिनुहुन अनुरोध छ ।**

१. २०७० सालमा तपाइको रूद्राक्ष खेतिबाट वार्षीक आम्दानी कति भएको थियो ?

.......................................................................................................

२. २०७१ सालमा तपाइको रूद्राक्ष खेतिबाट वार्षीक आम्दानी कति भएको थियो ?

.......................................................................................................

३. यो वर्षको लगभग आम्दानी कति होला ?

.......................................................................................................

४. तपाइको वार्षीक वचत रूद्राक्षबाट कति भएको छ

.......................................................................................................

५. रूद्राक्ष खेति गर्न थालेपछि सम्पतिको नाममा के-के जोड्नुभएको छ ?

क) गरगहना ख) जग्गा ग) अन्य

६. आजभन्दा ५ वर्ष अगाडि तपाईलाई खान पुग्थ्यो कि समस्या पर्थ्यो ?

क) पुग्थ्यो ख) समस्या पर्थ्यो

**उद्देश्य २.** रूद्राक्ष खेतिमा संलग्न कृषकहरूको सामाजिक अवस्थाको अध्ययन गर्नु:

१. तपाइको आम्दानी बढ्नथाले पछि समाजको कुनै क्षेत्रमा लगानी गर्नु भएको छ ?

.......................................................................................................

२. कुन क्षेत्रमा कति लगानि गर्नु भएको छ ?

..........................................................................................................

३. तपाइको लगानिले व्यक्तिगत नाफा पाउनु भएको छ कि ? सामाजिक सेवाको लागि हो ?

..........................................................................................................

४. तपाईले बालबच्चालाई कस्तो विद्यालयमा पढ्न पठाउनु भएको छ ?

क) निजि ख) सरकारी

५. घरमा कम्प्यूटर छ कि छैन ?

क) छ ख) छैन

६. घरमा टि.भि. छ कि छैन ?

क) छ ख) छैन

७. रूद्राक्ष खेति गर्न थालेपछि तपाईको समाजमा तपाईका लगानिबाट सम्पन्न भएका विकासका कामहरू के-के भएका छन् ?

..........................................................................................................

८. रूद्राक्ष खेतीले तपाँईकोघरपरिवारमा शिक्षाको क्षत्रमा कस्तो असर पारेको छ ?

क) सामान्य ख) मध्यम ग) राम्रो घ) अति राम्रो

**उद्देश्य ३.** रूद्राक्ष खेतिका समस्याहरू पहिचान गर्नु ।

**यसका लागि आवश्यक प्रश्नहरूः**

१. तपाईसँग रद्राक्ष रोप्नको लगि आफुसँग जग्गा प्रशस्त छ?

क) छ ख) छैन

२. रूद्राक्ष फलाउनको लागि केहि कुराको समस्या छ ? छ भने के-के कुराहरू ?

..........................................................................................................

३. रूद्राक्ष टिपिसकेपछी भण्डारण गर्ने व्यवस्था तपाइको राम्रो छ ?

क) छ　　　　　　　　ख) छैन

४. व्यापारको लागि बजारको व्यवस्था राम्रो छ ?

क) छ　　　　　　　　ख) छैन

५. कहाँ लगेर बेच्नुहुन्छ ?

.....................................................................................................

६. व्यापारिहरूले उचित मूल्य दिने गरेका छन्?

क) छन्　　　　　　　　ख) छैनन्

७. सरकारी पक्षबाट तपाइहरूलाई रूद्राक्ष खेतीका लागि केहि सौलियत प्रदान गरेको छ ? छ भने के-के छ ।

## अनुसूची दुई

### लक्षित समूह छलफलका मूख्य विषयवस्तुहरू

१. नगदेवाली र खाद्यन्नवाली कुन बालि कृषकहरूको लागि बढि फायदाजनक छ ?

...............................................................................................................

२. तपाइको क्षेत्रमा रूद्राक्ष खेतीका समस्याहरू के-के हुन र समाधानका उपायहरू के-के हुन सक्लान् ?

...............................................................................................................

...............................................................................................................

३. के तपाई जति सम्पन्न हुनुभएको छ त्यहि अनुपातमा समाज पनि परिष्कृत हुदैं गइरहेको छ ?

...............................................................................................................

...............................................................................................................

## अनुसूची तीन

## मूख्य जानकार व्यक्तिहरू सँगको अन्तर्वाता

जानकार भन्नालेः- त्यस क्षेत्रका व्यापारी, शिक्षक र कृषीकार्यलयका प्रतिनिधि ।

### शिक्षक सँग

१. रूद्राक्ष खेति गर्न थालेपछि तपाइको विद्यालयमा विद्यर्थी संख्याको अवस्था के छ ?

क) निरन्तर घट्दो क्रम  ख) निरन्तर बढ्दो क्रम  ग) जस्ताको तस्तौ

२. रूद्राक्ष खेति गर्ने र नगर्ने कृषकका छोरा छोरीमा कसको स्थिति राम्रो देखिन्छ शैक्षिक क्रियाकलापमा ?

क) रूद्राक्ष खेति गर्नेको  ख) नगर्नेको

३. तपाइको विद्यालयको भौतिक पुर्वाधार विकासको लागि रूद्राक्ष खेति गर्ने कृषकको लगानि छ कि छैन ?

क) छ  ख) छैन

### व्यापारी सँग

१. तपाइहरूले यो रूद्राक्ष कहाँ लगेर कसलाई बेच्नुहुन्छ ?

..........................................................................................................

..........................................................................................................

३. व्यापारबाट कहिले काही घाटा वेहोर्नु परेको छ कि छैन ?

क) छ  ख) छैन

४. व्यापारमा कुनै समस्या छ कि छैन ? छन भने कस्ता ।

..........................................................................................................

### कृषि कार्यलयका प्रतिनिधि सँग

१. रूद्राक्ष खेतीमा संलग्न कृषकहरूका लागि कृषि कार्यलयबाट केहि सहुलियत प्रदान गरिएको छ ?